
# लेखापरीक्षण प्रतिवेदन

# लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/386

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
लिसंखु पाखर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड ७१ लाख ४१ हजार, तथा स्थानीय तह प्रशासकिय भवन पूर्वधार विकास कार्यक्रम तर्फ रू ६० लाख समेत गरी जम्मा रू ११ करोड ३१ लाख ४१ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब १९ करोड ५३ लाख ७७ हजारको लेखापरीक्षणबाट रू.६ करोड १६ लाख ७७. हजार बेरुजू देखिएकोमा रु.१ लाख १२ हजार प्रतिक्रियावाट फछ्र्यौट् भई बाँकी बेरुजु रु.६ करोड १५ लाख ६५ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू.२२ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ३५ लाख १२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १४ लाख ३ हजार र पेस्की बाँकी रु.४३ लाख ५२ हजार रहेको छ । गत वर्षसम्म रु.११ करोड ४७ लाख ५२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ६२ लाख ९४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३.गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।
लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका

लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

**चालु वर्षको बेरुजु**

**बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ११२ | ६,१६,७६,५५२ | ० | २४ | १,१२,१७० | ० | ५५ | ८८ | ६,१५,६४,३८२ | २२,९७,४८० | १,१४,०२,६०९ | ४,३५,१२,२५३ | ० | ० | ५,४९,१४,८६२ | ४३,५२,०४० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | ११४७५२००० | ० | २२,११६ | ११४७२९८८४ | ० | ६,१५,६४,३८२ | १७६२९४२६६ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३७ | शिक्षा-ससर्त | ५३,९४० |
| २ | २०८०/८१ | ४३ | आन्तरिक लेखापरीक्षण | ५८,२३० |
| ३ | २०७८/७९ | ५६.१ | सरुवा भएर गईसकेका शिक्षकको तलव भुक्तानी | २२,११६ |
| जम्मा | | | | १,३४,२८६ |

# (८०३२७५०७३०० - लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडारहेको छ भने क्षेत्रफल ९८.६ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणना अनुसार यस पालिकाको जनसंख्या ११७५० रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.११९५३७६८९६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण

गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

## ३ स्थानीय सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

## प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन

| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,१६,७३,८३९.४० | ० | ८,१६,७३,८३९.४० | ८,११,०९,१३३.०५ | ० | ८,११,०९,१३३.०५ |
| १३००० | अनुदान | | ३६,४२,३३,०००.०० | ० | ३६,४२,३३,०००.०० | ३२,६७,२८,९३५.७८ | ० | ३२,६७,२८,९३५.७८ |
| १४००० | अन्यराजस्व | | ४८,२३,९०६.३२ | ० | ४८,२३,९०६.३२ | १,१८,७५,५२५.१७ | ० | १,१८,७५,५२५.१७ |
| १५००० | विविधप्राप्ति | | १,८७,४५८.०० | ० | १,८७,४५८.०० | ० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | | ४५,०९,१८,२०३.७२ | | ४५,०९,१८,२०३.७२ | ४१,९७,१३,५९४.०० | | ४१,९७,१३,५९४.०० |
| ३ | चालु | | २७,७९,५६,२५३.७८ | ० | २७,७९,५६,२५३.७८ | ३३,३९,२१,४८३.२७ | ० | ३३,३९,२१,४८३.२७ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,४८,८०,७३३.२३ | ० | १२,४८,८०,७३३.२३ | १५,०७,१६,११४.३८ | ० | १५,०७,१६,११४.३८ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | १४,८७,९१,६८३.५५ | ० | १४,८७,९१,६८३.५५ | ९,७७,३९,६५९.४० | ० | ९,७७,३९,६५९.४० |
| २५००० | सहायता (Subsidy) | | १,९९,७२२.०० | ० | १,९९,७२२.०० | १,७४,७६,७१५.५० | ० | १,७४,७६,७१५.५० |
| २६००० | अनुदान | | १६,०४,०००.०० | ० | १६,०४,०००.०० | १,२१,८६,११३.३७ | ० | १,२१,८६,११३.३७ |
| २७००० | सामाजिकसुरक्षा | | १६,८२,९३७.०० | ० | १६,८२,९३७.०० | ७७,८९,२४५.०० | ० | ७७,८९,२४५.०० |
| २८००० | अन्यखर्च | | ७,९७,१७८.०० | ० | ७,९७,१७८.०० | ४,८०,१३,६३५.६२ | ० | ४,८०,१३,६३५.६२ |
| ४ | पूंजीगत | | १६,७१,०६,५४५.९० | ० | १६,७१,०६,५४५.९० | १६,०२,१३,७५८.५३ | ० | १६,०२,१३,७५८.५३ |
| ३१११० | भवनतथा संरचना | | ७,४७,८२,८५४.७९ | ० | ७,४७,८२,८५४.७९ | २,४९,५९,५७७.०६ | ० | २,४९,५९,५७७.०६ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १४,४०,०८०.९० | ० | १४,४०,०८०.९० | ५८,७३,८८०.९९ | ० | ५८,७३,८८०.९९ |
| ३११३० | अन्यपूँजीगत खर्च | | ४०,४८,७४०.०० | ० | ४०,४८,७४०.०० | ४५,१६,७१२.०० | ० | ४५,१६,७१२.०० |
| ३११४० | सुरक्षाउपकरण | | १८,७७,९६९.०० | ० | १८,७७,९६९.०० | ० | ० | ० |
| ३११५० | सार्वजनिकनिर्माण | | ७,८७,०८,५८७.२१ | ० | ७,८७,०८,५८७.२१ | १२,२०,८२,२५७.४८ | ० | १२,२०,८२,२५७.४८ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | | ८,०७,३३०.०० | ० | ८,०७,३३०.०० | ८,९६,६५५.०० | ० | ८,९६,६५५.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | | ५४,४०,९८४.०० | ० | ५४,४०,९८४.०० | १८,८४,६७६.०० | ० | १८,८४,६७६.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | | ४४,५०,६२,७९९.६८ | | ४४,५०,६२,७९९.६८ | ४९,४१,३५,२४१.८० | | ४९,४१,३५,२४१.८० |
| ग) | **बचत/कमी (ग = क-ख )** | | ५८,५५,४०४.०४ | | ५८,५५,४०४.०४ | (७,४४,२१,६४७.८०) | | (७,४४,२१,६४७.८०) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | (६६,२४,५६०.६६) | | (६६,२४,५६०.६६) | २,४४,०८,४६६.५० | | २,४४,०८,४६६.५० |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | -१०,४२५.०० | | -१०,४२५.०० |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | (७,६९,१५६.६२) | | (७,६९,१५६.६२) | (५,००,१३,१८१.३०) | | (५,००,१३,१८१.३०) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | १०,४४,३१,२९५.३३ | | १०,४४,३१,२९५.३३ | १५,४४,४४,४७६.६३ | | १५,४४,४४,४७६.६३ |
| छ) | **विनिमयनाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | १०,३६,६२,१३८.७१ | | १०,३६,६२,१३८.७१ | १०,४४,३१,२९५.३३ | | १०,४४,३१,२९५.३३ |

४ **एकिकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकिकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

## आर्थिक वर्ष २०८०।८१ को एकिकृत आय व्यय

| क्र.स. | आय विवरण | रकम | जम्मा रकम | क्र.स. | व्यय विवरण | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **गत वर्षको मौज्दात** | | १०७७४९३९२.८७ | १ | **व्यय विवरण (७९.२)** | | ४४५०६२७९९.६८ |
| | क. संचित कोष खाता | ८००२२८२८.८३ | | | क. चालु खर्च खाता (८२.५२) | २७७९५६२५३.७८ | |
| | ख. धरौटि खाता | ६५९६३८१.२० | | | ख. पुँजीगत खर्च खाता (७४.२५) | १६७१०६५४५.९० | |
| | ग. स्थानीय तह विविध कोष खाता | १२६३२२०२.९३ | | २ | **नेपाल सरकार सशर्त अनुदान फिर्ता** | | २७४५७८७०.५७ |
| | १. IT officer salary : २८९१५५ | | | | क. नेपाल सरकार चालु | २३६२४५२१.६६ | |
| | २. औद्योगिक ग्राम निर्माण : ६३९६९३२.९९ | | | | १. सशर्त अनुदान चालु : २०७७८३९९.६६ | | |
| | | | | | २. विशेष अनुदान चालु : २८४६१२२ | | |
| | ३. कन्टिन्जेन्सी कट्टि : ४४४६११४.९४ | | | | ख. नेपाल सरकार पुँजीगत | ३८३३३४८.९१ | |
| | ४. कर्मचारी कल्याण कोष : १५००००० | | | | १. शसर्त अनुदान पुँजीगत : ११६९२५७.८७ | | |
| | घ. स्थानीय तह आकस्मिक कोष खाता | ४६०२२६७ | | | २. विशेष अनुदान पुँजीगत : २२९८३७०.४१ | | |
| | ङ. प्रकोप व्यवस्थापन कोष खाता | ५७७६१५ | | | ३. समपुरक अनुदान पुँजीगत : ३६५७२०.६३ | | |
| | छ. लक्षित वर्ग विपद कोष | १५००० | | | **प्रदेश सरकार सशर्त अनुदान फिर्ता** | | |
| | ज. बाल संरक्षण अक्षय कोष | ३२६१०९८ | | | क. प्रदेश सरकार शसर्च अनुदान चालु | | ११८११०१२.६३ |
| | झ. एकल महिला सामाजिक सुरक्षा कोष | ४२००० | | | १. शसर्त अनुदान चालु : २३२२०२१ | ७८७३५५२.०० | |
| २ | **नेपाल सरकारको अनुदान** | | ३१०५८००००.०० | | २. विषेश अनुदान चालु : ५५५१५३१ | | |
| | क. वित्तिय समानिकरण अनुदान | ९४११६००० | | ३ | ख. प्रदेश सरकार पुँजीगत | ३९३७४६०.६३ | |
| | ख. शसर्त अनुदान चालु | १६८१२०००० | | | १. शसर्त अनुदान पुँजीगत : २९६९८२.०९ | | |
| | ग. शसर्त अनुदान पुँजीगत | २३८४४००० | | | २. समपुरक अनुदान पुँजीगत : ३६४०४७८.५४ | | |
| | घ. विषेश अनुदान चालु | ५०००००० | | | **अन्य व्यय** | | २४३६९१६७.६१ |
| | ङ. विषेश अनुदान पुँजीगत | १२०००००० | | | क. धरौटि फिर्ता | ३७८०६०३.३१ | |
| | च. समपुरक अनुदान पुँजीगत | ७५००००० | | | ख. आकस्मिक कोष खाता | ३५२८१०५.०० | |
| ३ | **प्रदेश सरकारको अनुदान** | | ५३६५३०००.०० | ४ | ग. प्रकोप व्यवस्थापन कोष | ४४६४५० | |
| | क. वित्तिय समानिकरण अनुदान | १०२३१००० | | | ग. विविध कोष खाता | १६६१४००९.३० | |
| | ख. शसर्त अनुदान चालु | ६८२२००० | | | १. IT officer salary : ७९१८६.३१ | | |
| | ग. शसर्त अनुदान पुँजीगत | १५५००००० | | | २. सडक बोर्ड : १६९६१७२ | | |
| | ग. विषेश अनुदान चालु | १०००००००० | | | ३. औद्योगिक ग्राम निर्माण : ६३९६९३२.९९ | | |
| | घ. समपुरक अनुदान पुँजीगत | १११००००० | | | ४. कन्टिन्जेन्सी कट्टि : ३९५३०६२.७८ | | |
| ४ | **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | | ७६५३९८७२.२४ | | ५. इन्टरनेट जडान : ३९४०३७४.३५ | | |
| | क. मुल्य अभिवृद्धि कर | ३९४२६०९२.१९ | | | ६. जनसहभागीता : ५४८२८१.२२ | | |
| | ख. अन्तशुल्क | १८०७१०९३.३५ | | | **अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ** | | १०९८२६३६४ |
| | ग. सवारी साधन कर | १६९०७२२७.७१ | | | क. सामाजिक सुरक्षा तथा संरक्षण | १०७१६७११२ | |
| | ढ. घर जग्गा रजिष्ट्रेसन कर | २१३५४५८.९९ | | | ख. स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकासकार्यक्रम | २६५९२५२ | |
| ५ | **अन्य संस्थाको अनुदान** | | ३८०९९९.९८ | | **नगद मौज्दात** | | ६६०७१८६०.१६ |
| | क. पि.एल.जि.एस.पि. | ३८०९९९.९८ | | ५ | क. संचित कोष खाता | ४४९६९८५७.१५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | **आन्तरिक श्रोत** | | ८१२४८३८.६८ | | ख. धरौटि खाता | १०७०८३९५.८६ | |
| ४ | **धरौटी** | | ७८९२६१७.९० | | ग. स्थानीय तह विविध कोष खाता | ५८७०१८२.६१ | |
| ५ | **कोषहरु** | | | | १. IT officer salary : २०९९६८.६९ | | |
| | क. स्थानीय तह विविध कोष | ९८५१९८८.९८ | ९८५१९८८.९८ | | २. विविध कोष खाता : १५५३१ | | |
| | १. सडक बोर्ड : १६९६१७२ | | | ६ | ३. कर्मचारी कल्याण कोष : १०००००० | | |
| | २. कन्टिन्जेन्सी कट्टि : २०४६४६७.४१ | | | | ४. कन्टिन्जेन्सी कट्टि : २५३८७१४.२३ | | |
| | ३. जनसहभागीता : ५६३५१२.२२ | | | | ५. कर्मचारी कल्याण कोष : ९८१९६८.६९ | | |
| | ४. कर्मचारी कल्याण कोष : ४८१४६३ | | | | ६. गम्बाको ए पि जि : ११२४००० | | |
| | ५. इन्टरनेट जडान : ३९४०३७४.३५ | | | | घ. स्थानीय तह आकस्मिक कोष खाता | १०७४१६२.०० | |
| | ६. गुम्बाको ए पि जि : ११२४००० | | | | ङ. प्रकोप व्यवस्थापन कोष खाता | १३११६५.०० | |
| | **अन्तर सरकारी वितिय हस्तान्तरण तर्फ** | | १०९८२६३६४.०० | | च. लैंगीक हिंसा निवारण कोष | ० | |
| | क. सामाजिक सुरक्षा तथा संरक्षण | १०७१६७११२ | | | छ. लक्षित वर्ग विपद कोष | १५००० | |
| | ख. स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम | २६५९२५२ | | | ज. बाल संरक्षण अक्षय कोष | ३२६१०९८ | |
| | | | | | झ. एकल महिला सामाजिक सुरक्षा कोष | ४२००० | |
| | **जम्मा** | | ६८४५९९०७४.६५ | | **जम्मा** | | ६८४५९९०७४.६५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **वित्तीय विवरण परीक्षण**

**वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

५.१ **हिसाब मिलान -** पालिकाले तयार गरेको माथिको एकिकृत आय व्यय विवरणमा बैङ्क मौज्दात रू. ६,६०,७१,८६०।० देखाएको छ। तर म.ले.प.फा.नं. २७० मा नगद मौज्दात रू. १०,३६,६५,१३८।७१ रहेको छ। बैङ्क मौज्दात भन्दा रू. ३,७५,९३,२७८।७१ घटी देखीएकोले घटी भएको प्रमाण सहित हिसाब मिलान विवरण पेश गर्नुपर्ने रू. ३,७५,९३,२७८।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७५,९३,२७८ |

५.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले कम्प्युटराइज सरकारी लेखा प्रणालीको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड ७१ लाख ४१ हजार १७७ , तथा स्थानीय तह प्रशासकिय भवन पूर्वधार विकास कार्यक्रम तर्फ रू ६० लाख गरी जम्मा रू ११ करोड ३१ लाख ४१ हजार १७७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.३ **फरक हिसाब** – पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३३१८०९७.५४ यस वर्षको प्राप्ति रु. १६१०५११४.०६, यस वर्षको भुक्तानी रु. २४३६९१६७.६७ र बैङ्क मौज्दात रु. ३७५९०२७८.५५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **१०४४३१२९५.३३** | **४५०९१८२०३.७२** | **४४५०६२७९९.६८** | **१०३६६२१३८.७१** |
| एकीकृत आर्थिक विवरणअनुसार | १०७७४९३९२.८७ | ४६७०२३३१७.७८ | ४६९४३१९६७.२९ | ६६०७१८६०.१६ |
| फरक | ३३१८०९७.५४ | १६१०५११४.०६ | २४३६९१६७.६१ | ३७५९०२७८.५५ |

५.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताको नाम | श्रेष्ता अनुसार अन्तिम मौज्जाद | बैंक अनुसार अन्तिम मौज्जाद | फरक रकम |
|---|---|---|---|
| चालु खर्च खाता | ८,९५,०४८ | ० | |
| पूजीगत खर्च खाता | (४,९९,४०८) | ० | (४,९९,४०८) |
| स्थानीय तह सन्चित कोष खाता | ३९,३०,७१७.६४ | ४,४९,६९,८५७.१५ | (४१०,३९,१३९.५१) |
| स्थानीय तह विविध कोष खाता | ५८,७०,१८२.६१ | ५८,७०,१८२.६१ | ० |
| स्थानीय तह आकस्मिक कोष खाता | १०,७४,१६२.३७ | १०,७४,१६२.३७ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १३११६५ | १३११६५ | ० |
| नगद | १४१७०४.१९ | ० | १४१७०४.१९ |
| आन्तरिक राजश्व खाता | ८२४१८.८२ | ० | ८२४१८.८२ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वियन अवस्था कमजोर रहेको,

• रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालीकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन् ।

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको¸

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको¸

• नगरपालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको¸

• अधिकांशमा अनुगमन भ्रमण प्रतिवेदन पेस नभएको

• सवारी मर्मतमा लागत अनुमान तयार नगरेको

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको

• विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेस नभएको

• विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा पालिकाको तर्फबाट सचेतनामूलक सन्देश तथा शुभकामना प्रकाशन तथा प्रशारण बापतको बिल बमोजिम भुक्तानी भएकोमा सम्झौता/कार्यादेश संलग्न नरहेको ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मबाट समेत खरिद गर्ने गरेको

• पालिकाको डोजर/ स्क्याभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७ बजेट तथा कार्यक्रम

७.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

**बजेट सीमा निर्धारण समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

७.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**बजेट पेश, पारित र अख्तियारी**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति

२०८० असार १० मा रु. ५१ करोड ९६ लाखको ५ हजार ५०० को बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८० असार १० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८० असार २० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र तोकिएको कार्य सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वटा वडाको लागि वडागत र पालिकास्तरका कुल १४० योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या | रु. १ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| वडास्तरीय / पालिकास्तरीय | १४० | १ | ३६ | ९२ | १० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये पालिकाबाट प्राप्त विवरण ९७ योजनामात्र कार्यान्वयन भई १५ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४५८५००००. | २७२९३८८५.७३ | ६.१४ |
| २ | पूर्वाधार विकास | १६६७७५०००. | १२०९४५३०६.३५ | २७.१७ |
| ३ | सामाजिक विकास | २३९६२५०००. | २०८५३२९२७.०१ | ४६.८५ |
| ४ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | ८२०००००. | ६०१२६९७.६३ | १.३५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०१४२८८३८.८३ | ८२२७७९८२.९६ | १८.४९ |
| जम्मा | | ५६१८७८८३८.८३ | ४४५०६२७९९.६८ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.८५ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबैभन्दा घटीमा १.३५ प्रतिशत रहेको छ।

७.५ खर्च बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ८१२४८३८.६८ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४४०७७२८७२.२४ समेत रू. ४४८८९७७१०.९० आम्दानी भएकोमा चालु तर्फ रु. २७७९५६२५३.७८ र पूँजिगत तर्फ रु.

१६७१०६५४५.९० समेत रु. ४४५०६२७९९.६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १९.६६ प्रतिशत(सुत्र अनुसार) राजश्व शाखाले पेश गरेको विवरण अनुसार २.१४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ५८७१८०० जुन (राजश्व शाखाले पेश गरेको विवरण अनुसार) आन्तरिक आयको ६१.६८ प्रतिशत र सुत्रको विवरण अनुसार आन्तरिक आयको ६.७११ खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४०.६० प्रतिशत चालु र २४.४० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७.६ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६,७१,०६,५४५।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७.७ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उप लव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | |
| संघीपूँजीगत | ३९५१०६५१ | १२०२९३२ | १७१४७९५ | २७४९३७२५ | ९०९९१९९ |
| प्रदेशपूँजीगत | २००३७५३९ | ८०५२४९ | ३४८६९२८ | ७३३९९०६ | ८४०५४५७ |
| गाउँपालिकाजीगत | १०७५५८३५५ | १३२७९२६३ | २५०७०५०३ | ५५३९४५४९ | १३८१४०४० |
| कूल खर्च | १६७१०६५४६ | १५२८७४४४ | ३०२७२२२६ | ९०२२८१८० | ३१३१८६९६ |
| खर्च प्रतिशत | ३० | ९ | १८ | ५४ | १९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१६७१०६५४५.९०निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १५२८७४४४.३९ (९.१५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३०२७२२२५.६२ (१८.१२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ९०२२८१८०.०३ (५३.९९प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३१३१८६९५.८६ (१८.७४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

७.८ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. १२१४९३२।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| भौचर नं | भुक्तानी दिएको खर्चको विस्तृत विवरण | भुक्तानी प्राप्त गर्नेको नाम | रकम |
|---|---|---|---|
| ५७/०८०/०६/११(चालु पालिका तर्फ) | दैनिक अनुगमन मुल्यांकन बापतको रकम | मंगल बहादुर विष्ट | १२००० |
| ०२/०८०/०६/२६(संघिय सशर्त पूजीगत) | गसुम खोला झोलुङ्गे पुल उपभोक्ता समितिको रकम | गसुम खोला झोलुङ्गे पुल उपभोक्ता समिति | १२०२९३२ |
| जम्मा | | | १२१४९३२ |

| | |
|---|---|
| अनियमित भएको | १२,१४,९३२ |

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना कर्मचारीको स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका २८ वटा पदहरु करार सेवाबाट पूर्ति तथा २२ दरबन्दी रिक्त रहेको छ। दरबन्दी बमोजिम स्थायी जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो लोकसेवा आयोग मार्फत पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

८.२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यस पालिकाले माथि उल्लेखित पद वाहेकको सब इन्जिनियर, अमिन, असई, ना.प्रा.स, अनमी, अहेव, सहायक चौथौ, सामाजिक परिचालक जस्ता पदमा २८ जना करार नियुक्ति गरी रु. ७५,९८,२८५। तलब भत्ता भुक्तानी गरेको छ।

८.३ **तलवी प्रतिवेदन** - बागमती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कायालय या इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ ।| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २३ कर्मचारीको रु. ११४६४१७३.६७।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ताभुक्तानी गर्नुपर्दछ ।

८.४ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ० | ७ |

८.५ **अवकास कोष** - स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधी उपचार लगायतका सुविधा

उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यरत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थापना गरेको कोषको अवस्था निम्नानुसार छ ।

| सुरु मौज्दात | यो बर्षको आम्दानी | यो बर्षको खर्च | अन्तिम मौज्दात |
|---|---|---|---|
| १५०००००० | १४६८१४६३ | ० | २९८१४६३ |

पालिकाले कोष संचालन सम्बन्धमा कार्यविधि समेत निर्माण नगरेकोले अवकाष कोष संचालन कार्यविधि निर्माण गरी रकम परिचालन तथा उपयोग गर्नुपर्दछ ।

## ९ भवन नक्सा पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । पालिकामा यस वर्ष २ घर नक्सा पासको निवेदन परेकोमा २ कार्यसम्पन्न भएकोमा बाँकी अनुमति नदिएको पालिकाले पेश गरेको विवरणबाट देखिन्छ । पालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी पालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।

## १० पालिका विविध, अतिथी सत्कार र वडा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध र अतिथी सत्कार खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विविध खर्च, अतिथी सत्कार खर्च र वडामा भएका विविध खर्चका लागि निम्नानुसार रू. ३५ लाख बजेट व्यवस्था गरी रू. ३३ लाख ८८ हजार ५१३।२७ खर्च गरेको विवरण पेश भएको छ। विविध र अतिथि सत्कार खर्चलाई मितव्ययी बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

| बजेट शिर्षक | वार्षिक बजेट | खर्च |
|---|---|---|
| विविध खर्च - प्रदेश राजश्व बाँडफाड | ४८८४१० | ४८६८२६ |
| विविध खर्च - संघ राजश्व बाँडफाड | ७०० | ० |
| विविध खर्च - आन्तरिक स्रोत | ३०१०८९० | २९०१६८७.२७ |
| **जम्मा** | **३५०००००** | **३३८८५१३.२७** |

## ११ पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी पारिश्रमिक शिर्षकमा रू ४४८७०००।- पदाधिकारी बैठक भत्तामा रू ४९५०००।-, पदाधिकारी अन्य सुविधामा रु ४८९३००।- र पदाधिकारी अन्य भत्तामा रू ४०००००।- गरी रु ५८७१८००।- सुविधा खर्च गरेको देखिन्छ ।

## १२ कानून निर्माण एवं कार्यान्वयन

१२.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३१ वटा ऐन, ५ वटा नियमावली, ३७ कार्यविधि ११ निर्देशिका, ५ मापदण्ड गरी जम्मा ८९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

१२.२

**न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १५ गरी कुल १६ विवाद दर्ता भएकोमा १५ वटा मात्र फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२.३ **सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## १३ सम्पत्ति उपयोग र संरक्षण

१३.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१३.२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१३.३ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१३.४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, नियमावलीले भनेको विवरण तयार गरी नियमको पारिपालना गर्नुपर्दछ । लिकाले यस सम्बन्धि विवरण माग गर्दा उपलब्ध गराएन ।

## १४ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १५ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सबै योजनाको सार्वजनिक परीक्षण हुन सकेको छैन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## १६ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ७७ जनालाई औसत ९८ दिनले ७५४६ रोजगारी उपलव्ध गराई रु. ५०८३००० श्रमिक ज्याला खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## १७ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार निम्न संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. ५०,१४,१८१।- बाँकी रहेको देखिन्छ । सो मध्ये म्याद ननाघेको पेश्की रु. ६,६२,१४१।- र म्याद नाघेको पेश्की रु. ४३,५२,०४०।- फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| सि.नं | पेश्की लिने ठेकेदारको नाम | पेश्की लिइएको काम विवरण | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|---|
| १ | धुलिखेल कमाख्या सनातन जेभि | गा.पा भवन निर्माण | ४३५२०४० | |
| २ | औधोगिक ग्राम साझेदारी | औधोगिक ग्राम साझेदारी | | ६६२१४१ |

| | |
|---|---|
| पेश्की | ४३,५२,०४० |

## १८ कर शुल्क तथा आन्तरिक राजस्व

१८.१ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका ७ वडाहरुको पालिकाले उपलब्ध गराएको विवरण निम्नानुसारका वडाहरुको राजस्व असुली रु. ९५२०४४८.३८ असुली भएकोमा रु. ९५२०४४८.३८ दाखिला भएको छ।

१८.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १३००००० | १४९१०२९ | ११५ |
| घरजग्गा वहाल कर | २७५००० | ३८९०७९ | १४१ |
| व्यवसाय कर | ३५०००० | ३८९०७९ | १११ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |
| जम्मा | १९,२५,००० | २२६९१८७।१४ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१८.३ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५००००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ९५२०४४८.३८ अर्थात अनुमान भन्दा १९० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१८.४ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १८९००६१२९.४३ | ९५२०४४८.३८ | ५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३८९०७८.९६ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१८.५ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

## १९ परामर्श खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँगको सम्झौता बमोजिम वैदेशिक साहयता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा मात्र परामर्श सेवा खरिद गर्नु सक्ने व्यवस्था छ । पालिकाको निम्नानुसारका कार्य सम्पादनका लागि इन्जिनियर लगायतका प्राविधिक जनशक्ति उपलब्ध भएतापनि नगराई बाहिरको परामर्शदाताबाट कार्य गर्दा पालिकालाई थप व्ययभार पर्न गएको रू.

| **गाउँपालिपा चालु** | | | |
|---|---|---|---|
| **गो.भौ.नं/मिति** | **फर्मको नाम** | **विवरण** | **रकम** |
| ८००।२०८१।३।२१ | समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रालि | क्षमता विकास योजना तर्जुमा कार्यक्रम | ३३८४३५ |
| ७८८।२०८१।३।१९ | मन्त्र कन्सल्टेन्सी प्रालि | अर्गानिक चिया तथा कफि खेती विकास समिति गठन सम्बन्धी कार्यविधि | १००००० |
| जम्मा | | | ४३८४३५ |

| | |
|---|---|
| अनियमित भएको | ४,३८,४३५ |

## २० वितरणमुखी खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । निम्नानुसारका भौचर परीक्षण गर्दा पालिकाले यस वर्ष निम्नानुसारका मेला, पर्व, जात्राका लागि खर्च गरी पालिकालाई थप व्ययभार पारेको छ। खर्च न्युनिकरण गर्न पालिकाले ध्यानु दिनुपर्दछ।

| गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| ८४२।२०८१।३।२३ | ह्याङला वाफल युवा समाज | २५०००० |
| ६३७।२०८१।२।६ | नेपाल आदिवासी जनजाति महासंघ | ५०००० |
| ६९०।२०८१।२।२३ | ह्योन्जन वंश समाज | १००००० |
| ६८१।२०८१।२।२१ | साम्तेन छ्योदद्बुलीङ गुम्बा | ९९८९२ |
| ६७७।२०८१।२।१८ | जेष्ठ नागरिक कल्याण समिति | ७८९३० |
| ६५२।२०८१।२।९ | अपाङ्गता समन्वय समिति | ३९९८८ |
| ६५१।२०८१।२।९ | जेष्ठ नागरिक कल्याण समिति | ३५७८८ |
| ५६०।२०८१।१।२ | राष्ट्रिय संगीतकर्मी संघ | १३०००० |
| ५४९।२०८१।१।२ | पूर्वाञ्चल गन्धर्व संस्कृति उत्थान समाज | ३५००० |
| ५४५।२०८०।१२।२६ | ग्लोबल टाइम्स नेपाल | ५०००० |
| ५०७।२०८०।१२।१२ | हिमचुली कृषक समूह | ३०००० |
| ४९३।२०८०।१२।७ | नेपाल कराते एशोशिएसन | ५०००० |
| ४८३।२०८०।१२।६ | ग्याल्हो होल्सार आयोजक समिति | ३०००० |
| ४६९।२०८०।१२।५ | सोनाम ल्होसार मूल आयोजना समिति | १५०००० |
| जम्मा | | ११२९५९८ |

२१ **बढि ग्रेड भुक्तानी**

बागमती प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ (५) प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु नहुने व्यवस्था रहेको छ। पारित तलबी प्रतिवेदनको आधारमा कर्मचारी तलब भुक्तानी हुनुपर्दछ। पालिकाले देहायका कर्मचारीहरूलाई तलबी प्रतिवेदनमा पारित ग्रेड भन्दा बढि ग्रेड रकम भुक्तानी गरेको छ। बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| सि.नं. | नाम | पद | विवरण | बार्षिक बढि भुक्तानी |
|---|---|---|---|---|
| १ | श्री नानीमैया बस्नेत | अधिकृत छैटौ | २ ग्रेड बढि भुक्तानी | ४१३५०.४० |
| २ | श्री रामकुमार तामाङ | अधिकृत छैटौ | २ ग्रेड बढि भुक्तानी | ४१३५०.४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,७००.८ |

२२ **पदाधिकारी घरभाडा**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था छ। उक्त व्यवस्थाको अनुसुची १ (क), १ (ख) र १ (ग) मा पदाधिकारीलाई घरभाडा वापत सुविधा उपलब्ध गराउने व्यवस्था गरेको देखिदैन। पालिकाले गाउँपालिका अध्यक्षको लागि निम्नानुसारका व्यक्तिको घरभाडामा लिएर निम्नानुसार भुक्तानी भएकोले, ऐनमा नभएको सुविधा भुक्तानी भएको खर्च अनियमित देखिएको रु.

| क्र.सं | पदाधिकारी | घरधनीको नाम | मासिक भाडा | वार्षिक भुक्तानी |
|---|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | फूर्वा दोर्जे तामाङ, अत्तरपुर | रु.६६६८। | ८००१६ |

| अनियमित भएको | ८०,०१६ |
|---|---|

२३ **स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमण**

स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमण -महानगरका प्रमुखको हकमा नेपाल सरकार र यस अतिरिक्तका स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमण मनोनयनको अधिकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमा रहेको छ। त्यस्तै स्थानीय तहका कर्मचारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ४ अनुसार राजपत्रांकित द्वितीय श्रेणी र सो भन्दा तलका कर्मचारीको वैदेशिक भ्रमण मनोनयन गर्ने अधिकारी सामान्य प्रशासन सचिवमा रहेको छ । पालिकाका पदाधिकारी र कर्मचारीबाट जम्मा २ वटा बैदेशिक भ्रमण गरेकोमा वैदेशिक भ्रमण निर्देशिका अनुसार बमोजिम स्वीकृत भएको नदेखिए तथा आयोजक राष्ट्रबाट समेत केकस्तो सुविधा पाउने हो सोको समेत प्रमाण संलग्न फाँटवारीमा नभएकोले यस प्रकारको खर्च नियम सम्मत नभएको रु.

| भौ.नं. | कार्यक्रमको विवरण | कार्यक्रम मिति | कार्यक्रम संचालन हुने स्थान | भ्रमण गर्ने पदाधिकारी | खर्च रकम |
|---|---|---|---|---|---|
| ७३१।२०८१।३।११ | ASAPC को पहिलो कार्यकारीणी बैठक | २०८१ जेठ २२-२८ | इन्डोनेसिया | १. पालिका अध्यक्ष राजु लामा २. रोजगार संयोजक प्रेम बहादुर योञ्जन | ७४९७७५ |
| ६९२।२०८१।२।२४ | Visit for agriculture Farm | २०८१ जेठ १३-२१ | जापान | १. पालिका अध्यक्ष राजु लामा २. कार्यपालिका सदस्य रविन्द्र दर्नाल | ६५२१५२ |
| | जम्मा | | | | १४०१९२७ |

| अनियमित भएको | १४,०१,९२७ |
|---|---|

२४ **उपभोक्ताको काम निर्माण व्यावसायी मार्फत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिका लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ । कुनै निर्माण व्यावसायी वा सव कन्स्ट्रयाक्टरबाट काम गराउन सकिने छैन भन्ने व्यवस्था छ ।उपभोक्ताले रकम भुक्तानी लिन पेश गरेको कार्य विल, विल भर्पाई लगायतको कागजात परीक्षण गर्दा कार्य विलमा मानिसले काम गरेको देखिदैन। सबै काम मेशिनबाट कटिङ्ग मात्र गरेको देखिएको छ। उपभोक्ताले पालिकासँग सम्झौता गरी निर्माण व्यवसायीबाट काम गराएको देखियो । देहायका कार्य उपभोक्ताबाट गराएको देखिएकोले नियम सम्मत नदेखिएको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | रकम |
|---|---|---|---|---|
| ११४-२०८०।११।१५ | ग्याल्गुङ डाँडा लिसंखु ग्यावाटोल स.नि.उ.स. | ४८५००० | हस्यांगो कन्स्ट्रक्सन प्रा.लि (६०६८७०२०७) | ५७०८६१.८१ |
| ९८-२०८०।१०।२४ | बुद्धोदय मावि खेलमैदान नि.उ.स. वडा-२ | २९१००० | हस्यांगो कन्स्ट्रक्सन प्रा.लि (६०६८७०२०७) | ३४२४०७ |
| जम्मा | | ७७६००० | | ९१३२६८.८१ |

| अनियमित भएको | ९,१३,२६८.८१ |
|---|---|

२५ **बिमाको म्याद थप** (३८-२०८१-३-११):

३८।२०८१।३।११ समेत : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायी सुकमी कन्ट्रक्सन प्रालिलाई च्याउजी केसी सिचाई योजनाको काम गरेबापत रकम भुक्तानी दिदा बिमा खर्चबापत रू. ६५०००।०० भुक्तानी दिएको छ। निजले समयमा काम सम्पन्न गर्न नसकेको कारण म्याद थप गरेकोमा बिमाको म्याद थप गरेको प्रमाण संलग्न स्रेस्तामा देखिएन तसर्थ २०८२।३।१५ सम्मको बिमाको म्याद थप भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | ६५,००० |
|---|---|

२६ **बढि भुक्तानी**

३५।२०८१।३।४ र ४०।२०८१।३।२३ प्रदेश पजिंगत सार्वजनिक खरिद नियमावली २०६४ को नियम उपभोक्ता समिति वा लाभग्राही समदायले हरेक किस्ताको कामको प्राविधिक मल्याङ्कन. बिल. भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समदायको बैठकबाट अनमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्न पर्नेउल्लेख छ। साङ्गे सडक निर्माण उपभोक्ता निर्माण समितिलाई सडकको नयाँ टयाक तथा सडक मर्मत गरेबापत दुई भौचरबाट रु. ४०,१८,११५.०० भुक्तानी दिएको छ। यस सम्बन्धमा निम्न अनुसार कैफियत देखिन आयो।

२६.१ उपभोक्तालाई भुक्तानी दिएको पहिलो रनिङ्ग बिलमा सुनकोशी आयल स्टोरको ६३८८ लिटर इन्धन खरिद गरेबापत रू . ९,८८,५४३। र तृप्ता कन्स्ट्रक्सन एण्ड स्पलायर्स प्रालिको ४२७ घण्टा डोजर प्रयोग भएको बिलमा रू. १४६३७८३.१२ को बिल संलग्न रहेको छ। उक्त बिलमा सामान्य माटो काटेको ३४८ घनमिटर को रू. २०२४.८३ को दरले ७०४३४०.४८, नरम चट्टान ७४ घनमिटरको रू. ३५८९.८२ को दरले रू. २६५६४७.४२ र ५ घनमिटर कडा चट्टान काटेको प्रति घनमिटरको रू. ६५०१९.१४ को दरले रू. ३२५०९२।- समेत मूअकर सहित रू. १४६३७८५.१२ को बिल रहेको छ। निर्माण व्यवसायीमार्फत उपभोक्ताले पेश गरेको बिलमा ५ घनमिटरको प्रति घनमिटर मूल्य मूअकर बाहेक रू. ६५,०१९.१४ अस्वाभाविक मूल्य देखिएको हुँदा पहिलो रनिङ्ग बिल बापतको रकम रू. १९५७५१६.०० को सम्बन्धमा एकीन गर्न नसकिएकोले यस बिषयमा एकीन गरी प्रमाण पेश हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | १९,५७,५१३ |
|---|---|

२६.२ उपभोक्ताले पेश गरेको बिल भर्पाई तथा कार्यबिल सहितको फाँटवारी परीक्षण गर्दा कडा चट्टान कटिङ्ग (HR) २९२.१६ घनमिटर र नरम चट्टान ४३८.३६ घनमिटरको काम गरेको देखिन्छ। सोही बिलमा १:६ मा ढुङ्गाको गाह्रो ५९.०५ घनमिटर र ढुङ्गा छापेको ३३९ घनमिटर देखिन्छ। कडा चटान र नरम चट्टानबाट निस्केको ढुङ्गा सोही स्थानमा प्रयोग भएकोले दर बिश्लेषणमा तय भएको १:६ को ढुङ्गाको गाह्रो लगाउने कार्य प्रति घन मिटर ८५०६।२२ मा रू. १०२३.७५ र ढुङ्गा मिलाउने काम रु० ४१६२००० मा रू. १०२३। ७५ बढि दर राख्दा ढुङ्गाको गाह्रो लगाउनेमा ५९.०५ घनमिटर को रू. १०२३।७५ ले रू. ६०४५२.४३ र ढुङ्गा मिलाउने ३२९ घनमिटरमा रू १०२३.७५ ले ३३६८१५।७५ समेत रू. ३९७२६६।१७ बढि भुक्तानी भएको देखीदा उक्त बढि भुक्तानी रकम एकिन गरी प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ३,९७,२६६.१७ |
|---|---|

२७ **उपभोक्ताबाट गर्न नहुने काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले स्वयम प्रयोग गर्ने र श्रममूलक काम उपभोक्ताबाट गर्न सकिने उल्लेख छ। प्राविधिक ज्ञान चाहिने जटिल प्रकृतिका र उपभोक्ताले दैनिक प्रयोग नआउने काम तथा उपभोक्तासँग ज्ञान र सिप नभएको काम पनि उपभोक्ताबाट गराउनुहुदैन। पालिकाले स्वंयम गर्नु काम पनि देहायका उपभोक्ता समितिले गराउनु नियम संगत देखिदैन । उक्त सिर्माण कार्य अनियमित देखिएको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| १३२-२०८०। ११।२७ | गा.पा.को नयाँ प्रशासकिय भवन जाने बाटो स्तरोन्नती उ.स. वडा-४ | वाटो निर्माण | ९०१९२६ |
| ८६-२०८०।१०। १५ | वडा नं. ५ को कार्यालय घेराबार उ.स. | वडा कार्यालय घेराबार | ४८५००० |
| ९२-२०८०।११। १० | ५ नं. वडा पेट्कु स्वास्थ्य चौकी भवन निर्माण उ.स. | भवन निर्माण | १९४०००० |
| २२५-२०८१।३। २३ | ७ नं. वडा कार्यालय मर्मत तथा स्तरोन्नती उ.स. | भवन मर्मत | १५७७४४९ |
| २२१-२०८१।२। १७ | ७ नं. वडा कार्यालय मर्मत तथा स्तरोन्नती उ.स. | भवन मर्मत | ७८३४१५ |
| जम्मा | | | ५६८७७९० |

| | |
|---|---|
| अनियमित भएको | ५६,८७,७९० |

२८ **मुल्य समायोजन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा मुल्य समायोजन सम्बन्धी व्यवस्था छ । पालिकाले पालिका भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई मुल्य समायोजन वापत रकम भुक्तानी गर्दा पेश्की रकम कट्टा गरी बाँकी रकममा प्याक्टर कस्टको आधारमा भुक्तानी दिनुपर्नेमा चौथो रनिङ्ग बिलमा कार्य बिल रु ७५ लाख ४१ हजार २२१.३२ मा पेश्की बाँकी रु ६३¸३०¸२४०.०० कटाई बाँकी रु १२ लाख १० हजार ९८१.३२ मा प्याक्टर कस्ट १.०९३ मा रु ११२६२१.२४ र मुल्य अभिवृद्धि कर रु १४६४०.७६ समेत रु १२७२६२ मात्र भुक्तानी दिनुपर्नेमा रु ७९५०६३.४१ भुक्तानी दिएको हुँदा बढी भुक्तानी दिएको रु ६६२८०१.४१ बढी भुक्तानी दिएको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६२,८०१.४१ |

२९ **AS Built Drawing**

पालिका र निर्माण व्यवसायीबीच सडक तथा भवन निर्माण गर्दा गरिएको स्पेसल कन्डिसन अफ कन्ट्रयाक्टमा निर्माण कार्य सम्पन्न भएको मितिले १५ दिन भित्र एज विल्ड ड्रवइङ्ग पेश गर्नुपर्ने व्यवस्था छ। तर प्रतिस्पर्धाबाट भएको कुनै पनि ठेकदारलाई अन्तिम बिल भुक्तानी दिदा एज विल्ट ड्रवइङ्ग बिना भुक्तानी दिई निर्माण व्यवसायीलाई उन्मुक्ति दिएको देखियो। सम्बन्धित निर्माण व्यवसायीलाई धरौटी फिर्ता दिन अगावै एज विल्ड ड्रवइङ्ग पेश गर्न लगाउनु पर्दछ ।

३० **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। प्राप्त विवरण अनुसार पालिकाले मापदण्ड र कार्यविधि तयार गरी रु. ३५४२४७४.६५ विभिन्न संघसंस्था र व्यक्तिहरुलाई र आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रू. ८१२४८३८.६८ को ४३.६० प्रतिशत हुन आउछ।

३१ **मर्मत संभार खर्च**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यसवर्ष मर्मत संभार खर्च रु. ३७००१७३।– भएको छ । पालिकामा भएको देहाय अनुसारका सवारी साधन मर्मत खर्च निम्न अनुसार देखिएको छ । १९ थान मोटर साईकलमा मात्र रु.१५ लाख ७० हजार खर्च भएको छ । सवारी साधनको मर्मत खर्चमा मितव्ययिता अपनाएको देखिएन । यसतर्फ पालिकाको ध्यान जानु पर्दछ।

| सि.नं. | सवारी साधन प्रयोगकर्ता | सवारी साधन | वार्षिक खर्च |
|---|---|---|---|
| १ | पालिका अध्यक्ष | जिप ४३७९ | ९५४५१९.६४ |
| २ | पालिका उपाध्यक्ष | जिप ४१५० | ५३८७४८.८५ |
| ३ | प्र.प्र. अधिकृत लगायत | जिप ९३४९ | ६३६९०४.९० |
| ४ | मोटरसाईकल १९ गोटा | विभिन्न | १५७०००० |
| जम्मा | | | ३७००१७३ |

## ३२ बिउ विजन खरिद

कृषकलाई ब्रिडिङ वा अन्य प्रयोजनको लागि खरिद गरिने मकै, धान, गहुँ लगायत बिउविजन तथा मिनिकिट खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदी यस्ता फर्ममा नपाइएमा स्वीकृति लिइ कृषि ज्ञान केन्द्रले तोकेका गुणस्तरिय बिउ बिजन उत्पादन गर्ने श्रोत केन्द्रबाट खरिद गर्नुपर्दछ। खरिद गरिएका बिउबिजनको जर्मिनेशनको परीक्षण पहिचान गरी हावापानी सुहाउदो स्थानमा उपयुक्त बिउ बिजन वितरण गरी सोको अभिलेख पालिकाको कृषि शाखामा राख्नु पर्दछ। तर पालिका, उपभोक्ता समिति र सहकारी संस्थाले निजी फर्म, पसल र व्यक्तिबाट बिउ बिजन खरिद गर्ने र वितरण गरेको भर्पाइ सम्म राख्ने गरेको संलग्न खर्च सम्बन्धी फाँटवारीमा देखिन्छ। यसबाट खरिद गरिएका बिउबिजन गुणस्तर युक्त भए नभएको, लक्षित वर्गले पाए नपाएको, वितरित बिउबिजनबाट अन्य समुदायले लाभ लिए नलिएको एकिन गर्न सकिने अवस्था बारे अनुगमन गरी प्रमाण पेश हुनुपर्दछ।

| **गो.भौ.नं/मिति** | **सहकारी संस्था/ उपभोक्ता समिति** | **आपूर्तिकर्ताको नाम** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १४९।२०८१।३।१२ | सिखर चालु उत्पादक कृषक समूह | श्री साना किसान कृषि सहकारी संस्था लि | काउती, बन्दा, मूला, सिमीको विउ तथा मल | २६३६८५ | ५० प्रति अनुदान |
| १५२।२०८१।३।१२ | ग्रिस बहुउद्देश्यीय कृषि फर्म | विभिन्न फर्म | काउती, बन्दा, मूला, टनेल लगायत | २०८२७० | ५० प्रति अनुदान |
| १५१।२०८१।३।१२ | सिलढुंगा कृषि उत्पादक कृषक समूह | विभिन्न फर्म | काउती, बन्दा, मूला, सिमीको विउ तथा मल | ६९४९१०.२० | ५० प्रति अनुदान |
| १५७।२०८१।३।१७ | लाङ्जो कृषि सहकारी संस्था लि | विभिन्न फर्म | काउती, बन्दा, मूला, सिमीको विउ तथा मल | ९२८१४ | ५० प्रति अनुदान |
| १६२।२०८१।३।१७ | बर्ना कृषि उत्पादक कृषक समूह | विभिन्न फर्म | काउती, बन्दा, मूला, टनेल लगायत | ४७४३६३ | ५० प्रति अनुदान |
| ४६-२०८०।९।१८, संघीय सशर्त | | चिप्ले तिनचोक आलु पकेट सन्चालन समन्वय समिति | आलुको बिउ खरिद | २६३३२५ | ५० प्रतिशत |
| ५१-२०८०।९।२९, संघीय सशर्त | | बन्धन भेडाखोर आलु पकेट सञ्चालन समन्वय समिति | आलुको बिउ खरिद | २६९६०० | ५० प्रतिशत |

## ३३ पत्रपत्रिका छपाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावलीको नियम ८ मा रू. १० लाख भन्दा बढिको खरिद गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धालाई सिमीत हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने उल्लेख छ। पालिकाले बोलपत्रको सूचना जनचेतना, शुभकामना अनुरोध लगायतका विभिन्न सन्देशमूलक सामग्री प्रकाशनका लागि विभिन्न मिडिया फर्मलाई पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट रू. १४,९५,२४९.५० खर्च गरेको छ। सूचना लगायतका

सामग्री प्रकाशनका लागि प्रतिस्पर्धात्मक विधिबाट दररेट लिई छनौट गरेको भए मितव्ययी हुने थियो। पालिकाले त्यस तर्फ ध्यान दिनुपर्दछ। केही उदाहरण निम्न अनुसार छन्।

| भौ.नं. र मिति | मिडियाको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| ७७८-२०८१।३।१९ | नमस्ते क्रियसन एण्ड एभभर्टाइजिङ प्रालि | सुचना तथा सन्देश प्रकाशन | ८८४७९ |
| ४८८-२०८०।१२।७ | अल मिडिया सोलुसन प्रालि | अनुरोध प्रकाशन | ७०१२२ |
| ४८८-२०८०।१२।७ | संचार मिडिया ग्रुप प्रालि | व्यक्तिगत घटना दर्ता लगायत | ३४४७७ |
| ६८।२०८०।६।१६ | सहारा एड्भरटाइजिङ प्रालि | बोलपत्र सूचना प्रकाशन | २४५४६८ |
| ६३-२०८०।६।१६ | बन्धन एड्भरटाइजिङ प्रालि | बोलपत्र सुचना | ४२६४९ |
| ६३-२०८०।६।१६ | शुभानी एड्भरटाइजिङ प्रालि | लोककल्याणकारी सुचना | ७९६११ |
| ६१-२०८०।६।१६ | एम. आर. एड्भरटाइजिङ प्रालि | लम्पी स्किन सम्बन्धी सूचना र बोलपत्र सूचना | १४९०१८ |
| ५८-२०८०।६।११ | हातेमालो मिडिया आइटि प्रालि | जनचेतनासम्बन्धी सूचना | ७८६७७ |
| ७७-२०८०।६।२९ | आलोक मिडिया प्रालि | सूचना तथा गापा गतिविधि जानकारी | ३०२२७ |
| ७०-२०८०।६।२९ | नमस्ते क्रियसन एड्भरटाइजिङ प्रालि | बोलपत्र स्वीकृति सम्बन्ध सूचना | ७२७५३ |
| जम्मा | | | ८९१४८१ |

३४ **विभिन्न सञ्जाल/ समूहबाट कार्य**

विभिन्न सञ्जाल/ समूहबाट कार्य – आयकर ऐन, २०५८ मा स्थायी लेखा नम्बर लिएका फर्मले रकम भुक्तानी लिदा रितपूर्वकको विल विजक जारी गर्नुपर्ने व्यवस्था छ। आयकर  आयकरमा दर्ता भएको परामर्शदाताले बिल जारी नगरी रकम भुक्तानी लिएको र १५ प्रतिशतले हुने अग्रिम कर छुट हुन गएको हुदाँ उक्त फर्मबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| **गो.भौ.नं/मिति** | **संस्थाको नाम** | **विवरण** | **रकम** | **छुट कर** |
|---|---|---|---|---|
| ८५०।२०८१।३।२३ | ग्रामिण महिला सिर्जनशील परिवार (३०१८२४८५) | जातिय, लैङ्गिक विभेद विरूद्ध अभियान | १४११६० | २११७४ |
| ८४९।२०८१।३।२३ | ग्रामिण महिला सिर्जनशील परिवार (३०१८२४८५) | बालश्रम, बहुविवाह लगायत सम्बन्धमा सचेतना कार्यक्रम | २९४८४५ | ४४२२६.५ |
| ८४६।२०८१।३।२३ | ग्रामिण महिला सिर्जनशील परिवार (३०१८२४८५) | घरेलु हिंसा अन्त्यको लागि बहस पैरवी अभियान | ४९०३५ | ७३५५.२५ |
| ७६३।२०८१।३।१८ | आशा नेपाल केन्द्र (६००६७४६३६) | उद्घोषण प्रशिक्षण कार्यक्रम | ४७०२०० | ७०५३० |
| ७४६।२०८१।३।१६ | ग्रामिण तालिम तथा अनुसन्धान केन्द्र (१०६९०६०८०) | तालिम | ५००००० | ७५००० |
| जम्मा | | | | २१८२८६ |
| | | | असुल गर्नुपर्ने | २,१८,२८५.७५ |

३५ **स्वकिय सचिव**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ बमोजिम स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव वा सल्लाहकार राख्न पाउने व्यवस्था नभएको तथा बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ बमोजिम स्थानीय तहका आवश्यकता र कार्यबोझका आधारमा मुल्याङ्कन गरी पालिकाले संगठन

तथा दरबन्दीको प्रस्ताव तयार गर्ने र कार्यपालिकाबाट स्वीकृत गरी प्रदेश किताबखानामा पद दर्ता गराउनुपर्ने व्यवस्था छ। पालिकाले दरबन्दी नभएको पद गाउँपालिका अध्यक्षको स्वकिय सचिवको रुपमा बिशाल लामालाई नियुक्ति गरी निम्नानुसार तलब भत्ता दिएकोले बढी व्ययभार परेको रु.

| क्र.सं | कर्मचारीको नाम | तलब भत्ता मासिक | जम्मा भुक्तानी |
|---|---|---|---|
| १. | बिशाल लामा | रु.१८०००। | २,३७,७५७ |
| | **जम्मा** | | २,३७,७५७ |

| | |
|---|---|
| अनियमित भएको | २,३७,७५७ |

३६ **औषधी खरिद**

पालिकाले प्रतिस्पर्धाको माध्यमबाट तथा सिधै गरी देहाय अनुसार सामान खरिद गरेकोमा निम्नानुसार देखिएको छ ।

पालिकलाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको आधारमा विवरण तयार गरी पुल सिस्तमको आधारमा आपूर्ति व्यवस्था गर्नुपर्दछ । औषधीको टेण्डर डकुमेन्टमा आपूर्ति हुने औषधी एवम् आय-सामानको उत्पादन मिति, म्याद सकिने मिति, औषधीको म्याद कार्यालयमा प्राप्त हुँदा कम्तिमा १८ महिना म्याद भएको हुनुपर्ने व्यहोरा उत्पादक कम्पनीको नाम, कन्ट्री अफ ओरिजन, जि.एम,पिको प्रमाण, निशुल्क वितरणको लागि भने छाप लगायतको विवरण उल्लेख हुनु पर्दछ । तर देहायको आपूर्तक कर्तासँग सिधै वा प्रतिस्पर्धात्मक विधिबाट औषधी खरिद गर्दा टेण्डर डकुमेन्टमा उपरोक्त व्यहोराहरु उल्लेख छैन । प्राप्त औषधी तथा समानको औषधी आपूर्तिकर्ताले डेलिभरी सिटमा उपरोक्त व्यहोरा उल्लेख गरिएको छैन । तसर्थ प्राप्त औषधी गुणस्तर भए नभएको एकिन गर्न सकिने अवस्था रहेन यसमा सुधार हुनुपर्दछ ।

| **संघीय सशर्त चालु** | | | | |
|---|---|---|---|---|
| **भौ.नं. र मिति** | **औषधी आपूर्तकको नाम** | **खरिद विधि** | **इकाई** | **खर्च रकम** |
| ६९।२०८१।११।६ | सञ्जुश्री मेडिसिन सप्लायर्स | ईविडिङ्ग | ११० | ९५४५२२ |
| १८४।२०८१।३।२१ | फिका मेडिसिन सप्लायर्स | सोझै खरिद | १५ | ८८१८३५ |
| जम्मा | | | | १८३६६५७ |

३७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयबाट आन्तरिक लेखापरीक्षण भएकोमा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनुपर्नेमा फछ्र्यौट गराएको छैन। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा यस प्रकार छन्।

३७.१ **विविध खर्च** - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । चालु आ.व मा कार्यालयले कार्यालयले विविध खर्च मा रू १४२२८३७।-रकम लेखांकन गरेको देखियो । कुनै पनि प्रतिफल नदिने यस्ता खर्चहरू नियन्त्रण गर्नमा गाउँपालिका लाग्नुपर्ने देखिन्छ ।

३७.२ **सक्कल विल भर्पाइ वेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा वृत्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा ३ मा कुनै कार्यको भुक्तानी गर्नु पर्दा विनियोजित बजेटको सिमाभित्र रही रीतपूर्वक कागजात प्राप्त भएपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था गरिएको छ ।कार्यालयले देहायका भौचरमा नक्कल विलमानै सम्बन्धित फर्म/ पार्टीलाई रकम भुक्तानी गरिएको लेखापरीक्षणको क्रममा देखिन आए । सक्कल विल वेगर भुक्तानि भएका श्रेष्तामा विजक राख्नुपर्ने देखिएको रू

| भौचर नं | विल भर्पाइ पेश नभएको फर्मको नाम | विजक रकम |
|---|---|---|
| 185/080/07/23/गा.पा चालु | एम.आर एडभरर्टाइजिङ प्रा.ली | ४९७२० |
| २४०/०८०/०९/०५(गा.पा चालु) | पाल्पेश्वरी बहुदेश्यीय सहकारी संस्था लि | ४०००० |
| ७८८/०८१/०३/१९(गा.पा चालु | मन्त्र कन्सट्रक्सन प्रा.ली | १००,००० |
| ७३१/०८१/०३/११(गा.पा चालु | मियामि कन्सल्टिङ सर्भिस प्रा.लि | ४८२३९९.५८ |
| प्रदेश सशर्त चालु 56 एक विद्यालय एक नर्श बुद्धोदय माध्यमिक विद्यालयमा कार्यरत नर्श | सुर्याशु फार्मेशी | १०७४० |
| जम्मा | | ६८२,८५९.५८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८२,८५९.५८ |

३७.३ **इन्धन** - चालु आ.व २०८०।८१ मा पालिकाले इन्धन(पदाधिकारी शिर्षकमा) रू ९२२९७१।-र इन्धन कार्यालय प्रयोजन शिर्षकबाट रू १९००४५१.६५ इन्धन अन्य प्रयोजन शिर्षकमा रू ५४१३७४।- गरी जम्मा रु ३३६४७९६.६५ पैसा इन्धन शिर्षकमा खर्च लेखांकन हुदा देहायका सवारी साधनमा १३९५०.४ लि इन्धन खपत भएको देखियो । पदाधिकारीले बागमति प्रदेशको सेवा सुविधा सम्बन्धी एनमा तोकिए भन्दा बढी इन्धन खपत भएको देखिएकोले इन्धनम खर्चमा मितब्यिता अपनाउन लेखा उत्तरदायी अधिकारी लाग्नुपर्ने देखिन्छ ।

| ४३७९ सवारी लि | ९३४९ सवारी लि | ४१५० सवारी लि | नखुलेको सवारी साधनको लि | जम्मा प्रेट्रोल | जम्मा इन्धन लि |
|---|---|---|---|---|---|
| **३४३६.८४** | **२४४१** | **२८५५.०५** | **2९६.५१** | **४९२१** | **१३९५०.४** |

३७.४ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२५,१३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७.५ **पिभिसि वाटर टैंक** - पुजीगत खर्च तर्फ ३१/०८०/०९/१९, मिति २०८० असार ३१ गते बसेको जिल्ला दर रेट निर्धारण समितिको बैठकको निर्णय अनुसार पि.भि.सि वाटर टैंक २००० लि को लागि प्रति लि १२.७४ रूपैया तोकिएको र प्राविधकले बनाएको /तयार गरिएको कार्य सम्पन्न प्रतिवेदनमा समेत सोहि दर कायम गरी २००० लि पि.भि.सि वाटर टैंकको लागि रू २५४८१.५० पैसाको काम सम्पन्न भएको छ । लुसिङ्ग तथा जगजोग सडक टोल खानेपानी मर्मत उपभोक्ता समितिले कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए बमोजिमको विल विजक पेश गरेर भुक्तानी माग गर्नुपर्नेमा रू २४००० को मात्र विल पेश गरेकोले पेश हुन नसकेको विल रकम रू १७८१.५ असुल उपर हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७८१.५ |

३७.६ **काज खाएको दिन बैठक भत्ता भुक्तानी भएको** - भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ११ मा सरकारी कामको शिलशिलामा भ्रमण रही दैनिक भ्रमण भत्ता उपभोग गरिरहेको पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता ,स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने स्पस्ट व्यवस्था गरिएको छ । सो कुरा जाँच

गर्नको लागि लेखापरीक्षणको क्रममा नमुना छनोटमा परेका देहायका व्यक्तिहरूले काज खाएको दिनमा समेत बैठक भत्ता बुझिलिएको देखिएको रकम असुल उपर हुनुपर्ने रु.

| भौचर नं | कर्मचारीको पद | कर्मचारीको नाम | विस्तृत विवरण | बैठक भत्ता लिएको संख्या र बैठकको नाम | रकम |
|---|---|---|---|---|---|
| १५/०८०/०९/१३ गा.पा चालु | प्र.प्र.अ | दिल कृष्ण श्रेष्ठ | मिति २०८०/०८/१८ गते यस कार्यालयमा खडा गरिएको हाजिरी रजिष्टरमा काठमाण्डौ तालिम जनाँइएको | मिति २०८०/०८/१८ गते बसेको शिक्षक तथा कर्मचारी छनोट समितिको बैठक बसी ३ वटा बैठकको बैठक भत्ता प्रति बैठक १००० का दरले भुक्तानि लिएको ३००० | ३००० |
| ४७/०८०/०६/१०/चालु पालिका | प्र.प्र.अ | दिल कृष्ण श्रेष्ठ | मिति २०८०/०५/०७ गते सुकुटे तालिममा गएको भनि कार्यालयमा खडा गरिएको हाजिरीमा देखिएको | सोहि मितिमा रसायनिक मल व्यवस्थापन समितिको बैठक बसिएको भनि बैठक भत्ता भुक्तानी भएको प्रति बैठक रू १००० | १००० |
| ४७/०८०/०६/१०/ चालु पालिका | प्र.प्र.अ | दिल कृष्ण श्रेष्ठ | मिति २०८०/०५/१३ गते काठमाण्डौ तालिम भनि कार्यालयमा खडा गरिएको हाजिरिमा देखिएको | सोहि मितिमा रसायनिक मल व्यवस्थापन समितिको बैठक बसी प्रति बैठक १००० का दरले भुक्तानी | १००० |
| ४७/०८०/०६/१०/ चालु पालिका | ले.अ | महेश राना मगर | मिति २०८०/०५/०४ र ०५ गते हाजिरी रजिस्टरमा कार्यालय सम्बन्धी कामकाज जनिएको र काज बापतको रकम भुक्तानी गरिएको । | सोहि दिनहरूमा मुल्यांकन समितिको बैठक बसेको भनि बैठक भत्ता बापतको रकम प्रति दिन २ वटा बैठकले ४ वटा बैठक भत्ता बापतको रकम भुक्तानी रू ४००० | ४००० |
| ३०२/०८०/०९/२९ चालु पालिका | प्र.प्र.अ | दिल कृष्ण श्रेष्ठ | मिति २०८०/०७/१९को दिन यस कार्यालयमा खडा गरिएको हाजिरि रजिष्टरमा विद्यालय सम्बन्धी काम परेर कर्णाली र सुदुरपश्चिम जनिएको | सोहि मितिमा रसायनिक मल व्यवस्थापन समितिको बैठक बसी बैठक भत्ता भुक्तानी भएको प्रति बैठक १००० | १००० |
| जम्मा | | | | | १०००० |

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

३७.७ **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सङ्कुचित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था गरिएको छ । कार्यालयले वर्ष भरि चाहिने आवश्यक सामाग्री पहिचान गरी प्रतिस्पर्धात्मक माध्यमबाट खरिद गर्नुपर्नेमा कार्यालयले कार्यालय सम्बन्धि सामाग्री ,फर्निचर तथा फिक्चर्स तथा पशुपन्छीको लागी औषधी वर्ष भरी चाहिने आवश्यक परिणाम पहिचान नगरी पटक पटक गरी चालु आ.वमा देहायका भौचरबाट टुक्रे खरिद गरेको नियमसम्मत देखिएन।

| भौचर नं | सामान आपुर्ती गर्ने सप्लायर्सको नाम | खरिद गरिएको रकम |
|---|---|---|
| **१९३/०८०/०८/१३ चालु** | उमेद छापाखाना एण्ड स्टेसनरी उद्योग | ६७,८०० |
| **247/080/09/05 चालु** | सेन्ट्रल रिजन मल्टिपर्पोज प्रा.ली | ९,७२,४६६ |
| **246/080/09/05 चालु** | माइण्ड शेयर ग्राफिक्स पिन्टर्स प्रा.ली | ८७,५७५ |
| **253/080/09/13 चालु** | ताङ्जो कम्पयुटर सर्भिस एण्ड स्टेसनरी | २६,५९० |
| **179/080/07/23 चालु** | माइण्ड शेयर ग्राफिक्स पिन्टर्स प्रा.ली | ३३,५०५ |
| **130/080/07/1 चालु** | रेखा राय | १,१०,२०० |
| | जम्मा | १२,९८,१३६ |
| **44/080/09/05 पूजीगत** | ब्रो टेक इन्टरप्राइजेज प्रा.ली | ९८,५३६ |
| **69/080/09/29 पूजिगत** | सेन्ट्रल रिजन मल्टिपर्पोज प्रा.ली | ३०,८०० |
| **70/080/09/29 पुजवीगत** | बिशु टोटल इन्टरप्राइजेज | ९९२४७.९० |
| | जम्मा | २,२८,५८३.९ |
| **02/080/06/30 (प्रकोप व्यवस्थापन कोष खाता** | अल्पाइन भेट कन्सट्रक्सन | २,९९,८५२ |
| **90/080/06/30 ( स्थानिय तह आकस्मिक कोष खाता)** | अल्पाइन भेट कन्सट्रक्सन | ४,९९,८०० |
| **342/2080/10/16 चालु** | शिखर ट्रेडिङ हाउस | ४९५३२१ |
| | जम्मा | १२९४९७३ |
| समग्रमा जम्मा | | २८,२१,६९२.९ |

३७.८ **अन्य निकायको खर्च** - चालु खर्च तर्फ ३५१/०८०/१०/१८ ,स्थानीय सरकार सन्चालन ऐन २०७४ दफा ११ अनुसार गाउँपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था गरी पालिकाले आफ्नो अधिकार क्षेत्रमा मात्र कार्य गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्र भन्दा बाहिर गई संघिय कार्यालय प्रहरी कार्यालय ठूलोपाखर सिन्धुपाल्चोको थुनुवा कोठाको भुईमा राखेको काठको विम फेर्न ठूलोपाखर प्रहरी चौकीको इनचार्ज श्री नेत्र बहादुर काफ्ले लाई २८००० भुक्तानी गरेको देखियो ।यसरी आफ्नो कार्य क्षेत्र भन्दा माथि गएर अन्य निकायको कार्य क्षेत्रमा गरिएको खर्च नियम सम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | २८,००० |

३७.९ **HDPE PIPE को दर रेट नमिलेको** - पूजीगत खर्च तर्फ २४५-२०८१।३।२०, सार्वजनिक खरिद नियमावली ०६४ को नियम ९७ को उपनियम ११ मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेप्रश्चात सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीहरूबाट त्यस्तो कामको जाचपास भएपछि सम्बन्धित उपभोक्ता समितिले आफूले गरेको काम/प्राविधकले उठाएको विलको कामको प्रमाणित गर्ने विल भर्पाइ संलग्न गरी भुक्तानी माग गर्नुपर्ने व्यवस्था छ।प्राविधिकले लफुमाङ दम्बघ्यु खानेपानी नामको एक योजनामा HDPE PIPE PN16 ,32mm dia को १५० मि को १०४.७९ का दरले रू १५७१८.५० विल उठाएको देखिन्छ । उपभोक्ता समितिले कैलाश हार्डवेयर को विजकमा १५० मि को उक्त पाइप ७५ का दरले रू ११२५० मात्रको विजक पेश गरेतापनि कार्यालयले प्राविधिकले

उठाएको नापी विल अनुसार नै भुक्तानी दिइएकोले उ. स समितिले पेश गर्न नसकेको उक्त रकम रू ४४६८।- (१५७१८-११२५०) असुल उपर हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४६८ |

३७.१० ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७.११ **विना विल भर्पाइ वेगर भुक्तानी -** चालु खर्च तर्फ ५९४/०८१/०१/१७ ,सार्वजनिक खरिद नियमावली ०६४ को नियम ९७ को उपनियम ११ मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेप्रश्चात सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीहरूबाट त्यस्तो कामको जाचपास भएपछि सम्बन्धित उपभोक्ता समितिले आफूले गरेको काम/प्राविधकले उठाएको विलको कामको प्रमाणित गर्ने विल भर्पाइ संलग्न गरी भुक्तानी माग गर्नुपर्ने व्यवस्था छ। प्राविधिकले उठाएको उसत्पा कृषि प्रशोधन केन्द्र व्यवस्थापन वडा नं २ को नापी किताब अनुसार chimney made brick size 224*108*57 mm in 1:4 cement sand morter नामको एक काम ०.३२ धन मि भएको देखिन्छ । नर्म अनुसार उक्त काम गर्नको लागि (०.४०*५६०) २२४ वटा इटा आवश्यक पर्नेमा सो संख्या बराबरको विजक पेश नगर्दा समेत कार्यालयले भुक्तानी दिइएको देखिएकोले पेश हुन नसकेको उक्त इटाको विल रकम रू १४३७०.६२ (२२४*२१.१९) असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७४६.५६ |

३८ **रोजगार रणनीति** (७४-२०८०-११-११):

स्थानीय तहको रोजगार रणनीति तर्जुमा, अध्यावधिक, कार्यान्वयन कार्यक्रम अन्तर्गत पालिकाले ध्रुव प्रसाद लामिछानेसँग रु. ५०,०००।– सम्झौता गरी करकट्टि गरी रु. ४२,५००।– भुक्तानी गरेको छ । सम्झौतामा बुँदा नं. २ मा रणनीति तयार गर्दा पालिका भित्र रहेका विभिन्न स्रोतहरुको तथ्यांक संकलनको आधारमा गर्नुपर्ने छ। परामर्शदाताले तयार गरेको लिस्खु पाखर गाउँपालिकाको स्थानीय रोजगार रणनीति, २०८० मस्यौदामा सम्झौता अनुसार सम्पन्न गरेको पाईएन । पालिकाले गाउँपालिकाको स्थानीय रोजगार रणनीति निर्माणको काम सम्पूर्ण रुपमा सकिएपछि मात्र भुक्तानी गर्नुपर्नेमा मस्यौदा मात्र बनाई सो व्यक्तिलाई भुक्तानी दिएकोले संझौता अनुसारको अन्तिम प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,५०० |

३९ **कार्यक्रमको उपस्थिति**

१२२-२०८१।२।१८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च लेख्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन कार्यक्रम अन्तर्गत रु. ५९९५०।– खर्च गरेको छ। सो कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा सहभागिको उपस्थिति, प्रशिक्षकको सेसन र कार्य सम्पन्न प्रतिवेदन समेत पेश नगरी रु. ५९९५०।– खर्च लेखेकोमा सो कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,९५० |

४० **समायोजन ग्रेड**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केलमात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकमभन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाका निम्नानुसार स्वास्थ्य तर्फका ६ जना कर्मचारीलाई समायोजन ग्रेड स्तर वृद्धि मिति देखि २०८१ असार मसान्तसम्म भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड (सञ्चयकोष थप समेत) रु. ५७५६२५।- भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु..

| सि.नं. | कर्मचारीको पद,नाम | स्तरवृद्धि मिति | तह | समायोजन ग्रेड रकम | ग्रेड संख्या संञ्चयकोष समेत | महिना | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | सि.अ.हे.व.फुर्पा मोक्तान | २०७७।११।३ | चौथो देखि पाँचौँ | ११५८ | (*२.२) | ४१ | १०४४५२ |
| २ | सि.अ.हे.व. राजेश भुजेल | २०७६।१।२४ | चौथो देखि पाँचौँ | ११५८ | (*२.२) | ६२ | १५७९५१ |
| ३ | सि.अ.हे.व. अनिता बस्नेत | २०७६।२।५ | चौथो देखि पाँचौँ | ११५८ | (*२.२) | ५९ | १५०३०८ |
| ४ | सि.अ.न.मि सन्तोषी जिरेल | २०७९।१०।१ | चौथो देखि पाँचौँ | ११५८ | (*२.२) | २७ | ६८७८५ |
| ५ | ज.स्वा.नि सागर खड्का | २०७९।१०।१ | पाँचौ देखि छैटौँ | १४५६ | (*२.२) | २७ | ८६४८६ |
| ६ | सि.अ.न.मि. सन्दिपा के.सी | २०८०।४।१देखि (२०८० असोज सम्म तलब लिएको) | चौथो देखि पाँचौँ | ११५८ | (*२.२) | ३ | ७६४३ |
| जम्मा | | | | | | | ५७५६२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७५,६२५ |

४१ **ल्यापटप खरिद** (६४-२०८०-१०-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सामान खरिद गर्नु अगावै सामानको स्पेशेफिकेशन तयार गर्नुपर्दछ। पालिकाले रोजगार सृजना कार्यक्रम अन्तर्गत S.K.S Store Security Kits & Service (३०५१८७०८६) बाट स्पेशिफिकेशन समेत तयार नगरी मिति २०८०।९।१२ मा HP Envy i7 Laptop रु. १७८०००।- को खरिद गरेको छ। साथै खरिद गरेको ल्यापटप जिन्सी दाखिला चेक जाँच गर्दा सो ल्यापटपको स्पेशिफिकेशन सहित दाखिला गरेको छैन साथै उक्त ल्यापटप कुन व्यक्तिले बुझेको हो सोको प्रमाणसमेत नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रू. १७८०००।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७८,००० |

४२ **शिक्षा-ससर्त**

ससर्त शिक्षातर्फ देखिएका व्यहोरा यस प्रकार छन्ः

४२.१ **विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं. २.८.९ क्रियाकलापन नं. २.७.१३.१३ विद्यालयको शैक्षिक गुणस्तर सुदृढ्ढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ। विद्यालयमा विज्ञान

प्रयोगशाला, पुस्तकालय व्यवस्थापन तथा ICT व्यवस्थापन अन्तर्गत देहायका विद्यालयले तपसिलका कागजात पेश नगरी गरी रु. १९४१४४२।- भुक्तानी गरेको छ । पालिकाले देहायको विद्यालहरुलाई रु. १९४१४४२।- निकासा भएकोमा सो कार्य भएको कार्य सम्पन्न सहितको कागजात पेश गर्नुपर्ने रु.

| भौ.नं. र मिति | विद्यालयको नाम | कार्यक्रम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १९७-२०८१।३। २३ | श्री घिच्चेत उसीदुम माध्यमिक विद्यालय | पुस्तकालय व्यवस्थापन | ६५०००० | लागत अनुमान पेश नभएको |
| १८६-२०८१।३। २१ | निगाले माध्यमिक विद्यालय | विज्ञान प्रयोगशाला | ६४४००९ | लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन नभएको |
| १८५-२०८१।३। २१ | श्री धर्मोदय मावि | ICT Lap | ६४७४३ | कार्य सम्पन्न प्रतिवेदन नभएको |
| जम्मा | | | १९४१४४२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,४१,४४२ |

४२.२ (१९६-२०८१-३-२३):

**सेनिटरी प्याड** - सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले विद्यालयहरु सँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्ध वार्षिक रुपमा वितरण गर्न सक्ने व्यवस्था छ । त्यस्तै पालिकाले विद्यालयमा रहेको छात्राको संख्या यकिन गरी विद्यालयको माग अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार सेनिटरी प्याड खरिद गर्ने व्यवस्था छ । पालिकाले Ocean Surgical Trade Concern Pvt. Ltd बाट मिति २०८१।३।२० मा ६१०० वटा रु. ८० का दरले रु. ५५१४४०।– खरिद गरि ११५० वितरण गरी ४९५०।– प्याकेट मौज्दात रहेको छ । आपूर्ति भएको सेनेटरी प्याडको स्पेशिफिकेशन अनुसार भए नभएको चेक जाँच गराएको छैन। साथै पालिकाले विद्यार्थीको अनुपातलाई ध्यानमा राखि गरिद गर्नुपर्दछ र आधिकारीक निकाय वा पदाधिकारीबाट चेक जाँच गराई गुणस्तर प्रमाणित गर्नुपर्दछ ।

४२.३ (१८८-२०८१-३-२३):

**अतिरिक्त कक्षा** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ (२.८.१४) क्रियाकलाप नं. २.७.१३.४९ को बुँदा नं. ६ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको इ लर्निङ पोर्टल https://learning.cehrd.edu.np मा रहेको Diagonostic Tools Assessment Result सिटमा विषययत र विद्यार्थी अनुसारको नतिजा रिपोर्टको तथ्याङ्क प्रविष्ट गर्ने । सोको अध्यावधिक अभिलेख विद्यालयमासमेत राख्ने र बँदा नं. ८ मा विद्यालयले सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइका लागि गरिएका क्रियाकलापको प्रगति प्रतिवेदन मासिक रुपमा र विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिको अवस्थाको प्रतिवेदन त्रैमासिक रुपमा केन्द्रमा पठाउने उल्लेख छ । पालिकाले देहायका विद्यालयहरुमा कक्षा ८ विद्यार्थीहरुको नतिजाको आधारमा कमजोर सिकाई उपलब्धि भएका विषयहरुमा सिकाई स्तर सुधार गर्नका लागि थप कक्षा सञ्चालन गरे वापत प्रति सेसन रु. ४००।– का दरले रु. २२२०००।– भुक्तानी गरेको छ । पालिकाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको इ लर्निङ पोर्टलमा विद्यार्थीको रिजल्ट प्रविष्ट नगरी कक्षा सञ्चालन गरेको छ र सो कक्षा सञ्चालन पश्चातको विद्यार्थीको विषयगत सिकाई उपलब्धि केन्द्रमा समेत पठाएको देखिएन । पालिकाले विद्यार्थिको विषयगत सिकाई उपलब्धि केन्द्रमा पठाउनु पर्दछ ।

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री ककलिङ हरिसिद्धि मावि | ८२८०० |
| २ | श्री देवी मावि | ६८८०० |
| ३ | श्री सन्सारीमाई मावि | ७०४०० |
| जम्मा | | २२२००० |

४२.४ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **६,२७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **६,५४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४२.५ **विद्यालयको अनुगमन नियमन व्यवस्था** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

४२.६ **पाठ्यपुस्तकमा बढी भुक्तानी** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.४.३ क्रियाकलाप नं. २.४.६.१ सार्वजनिक विद्यालयका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको बुँदा नं. ५ अनुसार विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने। यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने, शैक्षिक सत्रमा भएको नयाँ भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ। यस पालिकाको IEMIS मा भएको २०८१ सालको जम्मा विद्यार्थी संख्याको आधारमा भिडान गर्दा देहायका विद्यालयहरुमा रु.१०३८७५।- बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,२४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ४२.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | १,०२,६३१ |
|---|---|

४२.७ (१७८-२०८१-३-२०):

**प्रोत्साहन अनुदान** -कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१, को २.८.९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.३ शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासन उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरुमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई

आधार मान्ने, उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने उल्लेख छ। पालिकाले सामाजिक परीक्षण मापदण्ड, २०७८ मा उल्लिखित विद्यालय छनौटको आधार भएकमा अनुसूची लगायतका फारम नभरी श्री सम्पदा माध्यमिक विद्यालयलाई रु. ३०००००।– निकासा दिएकोमा सो मापदण्डमा उल्लिखित कार्य नगरी निकासा दिएको नियम संमत् नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

४२.८ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,३६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२.९ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **८००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२.१० **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेका २५ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी विवरण | | | | | पदपूर्ति विवरण | | | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | निजी स्रोत | ECD शिक्षक | स्थायी | राहत | करार | निजी स्रोत | ECD शिक्षक | | |
| १ | श्री धर्मोदय मा. वि. | 4 | 5 | 2 | 0 | 1 | 4 | 5 | 2 | 0 | 1 | 100 | 1:8 |
| २ | श्री जनकल्याण मा. वि. | 6 | 4 | | | 1 | 6 | 5 | | | 1 | 77 | 1:6 |
| ३ | श्री सरस्वती आ. वि. | | 1 | | | 1 | | 1 | | | 1 | 11 | 1:6 |
| ४ | श्री हरिसिद्धी आ. वि. | | 1 | | | | | 1 | | | | 4 | 1:4 |
| ५ | श्री सिद्धार्थ आ. वि | | 2 | | | | | 2 | | | | 11 | 1:6 |
| ६ | श्री वुद्धोदय मा. वि. | 7 | 5 | 5 | | 2 | 7 | 5 | 4 | | 2 | 159 | 1:9 |
| ७ | श्री जनसहयोग मा. वि | 7 | 4 | 1 | | 1 | 7 | 4 | 1 | | 1 | 57 | 1:4 |
| ८ | श्री जनलहर आ. वि. | | | | | 1 | | | | | 1 | 8 | 1:8 |
| ९ | श्री जनजागृती आ. वि. | | | | | 1 | | | | | 1 | 3 | 1:3 |
| १० | श्री घिच्चेत उसिदुम मा.वि. | 6 | 1 | 5 | | 2 | 6 | 1 | 5 | | 2 | 85 | 1:6 |
| ११ | श्री महादेवस्थान आ. वि. | 4 | 1 | 3 | | | 4 | 1 | 3 | | | 42 | 1:5 |
| १२ | श्री जनता आ. वि. | 2 | | | | 1 | 2 | | | | 1 | 17 | 1:6 |
| १३ | श्री रमा मा.वि. | 5 | 5 | | | 2 | 5 | 5 | | | 2 | 82 | 1:7 |
| १४ | श्री शान्ति उदय आ. वि. | 3 | 4 | | | 1 | 3 | 4 | | | 1 | 66 | 1:8 |
| १५ | श्री जनशिक्षा आ. वि. | 1 | | | | | 1 | | | | | 6 | 1:6 |
| १६ | श्री निगाले मा. वि. | 8 | 5 | 1 | | 1 | 8 | 5 | 1 | | 1 | 161 | 1:11 |
| १७ | श्री सम्पदा मा. वि. | 5 | 1 | 1 | 4 | 2 | 5 | 1 | 1 | 4 | 2 | 235 | 1:18 |
| १८ | श्री जलेश्वरी आ. वि. | 4 | 1 | 3 | | 2 | 4 | 1 | 3 | | 2 | 87 | 1:9 |
| १९ | श्री घुम्ति आ. वि. | 3 | | | | 2 | 3 | | | | 2 | 57 | 1:11 |
| २० | श्री देवी मा. वि. | 8 | 3 | 3 | | 2 | 8 | 3 | 3 | | 2 | 139 | 1:9 |
| २१ | श्री लामिडाँडा आ. वि. | | 1 | | | | | 1 | | | | 8 | 1:8 |
| २२ | श्री ककलिङ हरिसिद्धि मा. वि. | 10 | 2 | 4 | | 1 | 10 | 2 | 4 | | 1 | 167 | 1:10 |
| २३ | श्री संसारी मा. वि. | 5 | 5 | | | 2 | 5 | 5 | | | 2 | 167 | 1:14 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | श्री जयगणेश आ. वि. | 1 | 1 | | | 1 | 1 | 1 | | | 1 | 17 | 1:6 |
| २५ | श्री भूमेस्थान आ. वि. | 2 | | | | 1 | 2 | | | | 1 | 13 | 1:4 |
| **जम्मा** | | 91 | 52 | 28 | 4 | 28 | 91 | 53 | 27 | 4 | 28 | **1779** | 1:9 |

पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यायमा शिक्षक विद्यार्थी अनुपात १:४ देखि १:१८ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ। भौगोलिक अवस्थाको विचार गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्नुपर्दछ।

४३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयबाट आन्तरिक लेखापरीक्षण भएकोमा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनुपर्नेमा फछ्र्यौट गराएको छैन। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा यस प्रकार छन्।

४३.१ **पशुको औषधी खरिदमा कार्यालयलाई थप आर्थिक व्ययभार** - प्रकोप तर्फको १०-२०८०।६।३० ,पालिका चालु तर्फको ३४२-२०८०।१०।१६ , सार्वजनिक खरिद नियमावली ०६४ को दफा ८६ अनुसार सार्वजनिक निकायले सोझै खरिद गर्नु अघि खरिद गर्नु पर्ने मालसामान भण्डारणमा मौज्जाद भए वा नभएको एकिन गरी खरिद गर्दा बजार अध्ययन, पूर्व खरिद मुल्य , लागत अनुमानका आधारमा दर विष्लेषण गरी मूल्य उचित भएमा आपूर्तिकर्ता संग वार्ता गरी खरिद गर्न सक्ने व्यवस्था छ ।कार्यालयले यस आ.व को सुरूमा ट्रेट्रा बोलस सहितको १२ प्रकारको औषधी रू ४९९८००।-मा मिति २०८०।५।२६ गते अल्पाइन भेट कन्सर्न प्रा.लि बाट खरिद गरेको छ ।सो बापतको औषधी प्राप्त भई सकेको अवस्थामा समेत पालिकाले पहिले नै खरिद गरी ल्याइएका सामानहरूको आवस्यकताको कुनै पहिचान नगरी पुन मिति २०८०।८।२८ गते शिखर ट्रेडिङ हाउस प्रा.लि को विजक नै १८९ बाट पुन पहिले नै खरिद गरी ल्याइएका र अहिले खरिद गरी ल्याइएका औँषधीको दर रेटको नमुना परीक्षणमा परेका देहायका एकै प्रकृतिका औँषधीमा देहाय बमोजिम देखियो । यसरी वर्षे भरी नै चाहिने सामान आवश्यकताको पहिचान गरी खुल्ला प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा संकुचन हुने गरी पटक पटक फरक फरक सप्लायर्स बाट एकै प्रकृतिका सामान पनि प्रति एकाइ दर अस्वभाविक रूपमा बढी देखिएको र कार्यालयले समेत पहिले खरिद गरी ल्याइएका सामानहरूको दर रेटलाइ आधार नमानी सप्लायर्शले पेश गरेको दर रेटमै भुक्तानी हुदा एकै वर्ष एकै प्रकृतिका सामान फरक सप्लायर्श संग खरिद गर्दा कार्यालयलाइ आर्थिक व्ययभार परेको रू

| सि.नं | औषधीको नाम | अल्पाइन भेट संगको दर | शिखर ट्रेडिङ संगको दर | दरमा फरक | परिणाम(अल्पाइन संग खरिद गर्दाको दर | रकम | भैचर नं |
|---|---|---|---|---|---|---|---|
| १ | टेट्रा बोलस | 450 | 400 | 50 | 1000 | 50000 | 10/080/06/30 |
| २ | चारमिल | 76.80 | 128 | 51.2 | 60 | 3072 | 342/208010/16 |
| **जम्मा** | | | | | | **53072** | |

| | |
|---|---|
| अनियमित भएको | ५३,०७२ |

४३.२ **डण्डीको परिणाम नापी किताब र विलमा नमिलेको** - पूजीगत तर्फ १२७/२०८०/११/२३, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ११ मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिका निकायले खटाएको प्राविधिक कर्मचारीहरूबाट त्यस्तो कामको जाँचपास गराएपछि सम्बन्धित उपभोक्ता समितिले आफूले गरेको काम/प्राविधकले उठाएको विलको कामको प्रमाणित गर्ने विल भर्पाइ संलग्न गरी भुक्तानी माग गर्नुपर्ने व्यवस्था छ।प्राविधकले उठाएको विल अनुसार गलेश्वरी महादेव मन्दिर निर्माण नामक एक योजनामा reinforcement bar cutting binding placing in position according to drawing and blinding

for RCC work including a lead of 30 ,m नामको एक कार्यमा १० एम एम डण्डी ३४४.६८ के जी प्रयोग भएको देखिछ । तर गलेश्वरी महादेव मन्दिर निर्माण उपभोक्ता समितिले पाठक इन्टरप्राइजेज बाट जम्मा २२० के जी डण्डी को विल पेश गर्दा समेत प्राविधिकले उठाएको नापी विल अनुसार नै भुक्तानि भएको देखिएकोले उपभोक्ता समितिले पेश गर्न नसकेको १२४.६८ के .जी डण्डीको प्रति के जी ११५.२६ (भ्याट सहित) ले हुन आउने रकम असुल उपर हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,३७०.६२ |

४३.३ **तेलको विजकमा बढी रकम भुक्तानि -** प्रदेश पूजीगत तर्फ २२-२०८१।१।२५, सार्वजनिक खरिद नियमावली ०६४ को नियम ९७ को उपनियम ११ मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेप्रश्चात सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीहरूबाट त्यस्तो कामको जाचपास भएपछि सम्बन्धित उपभोक्ता समितिले आफूले गरेको काम/प्राविधकले उठाएको विलको कामको प्रमाणित गर्ने विल भर्पाइ संलग्न गरी भुक्तानी माग गर्नुपर्ने व्यवस्था छ।प्राविधिकले गाउँपालिका केन्द्र ताम्चे सडक लिसंखु पाखर ४ नामक १ योजनामा Earthwork excavation in cutting I Road way Excavation in all types of soil by mechanicial means मा ६९०९.25 घन मि कटिङको रू ५,३०,८९७.३२ विल उठेको देखिन्छ । नर्म अनुसार उक्त रकम बराबरको कटिङको लागि ११५ घण्टा डोजर सन्चालन गरिनुपर्ने देखिन्छ । उपभोक्ता समितिले पनि ११५ घण्टा बराबरकै विजक पेश गरेतापनि पहिलो ४० घण्टाको डिजेल सहितको डोजर दर रू ४६१०.९ पेश गरिएको र बाकी ७५ घण्टाको डिजेल बाहेकको दर रू २१०० भ्याट सहित हस्यांङ्गो कन्सट्रक्सन प्रा.लि बाट विजक पेश गरेको छ। नर्म अनुसार प्रति घण्टा डिजेल १५ लि हिसाब गर्दा ७५ घण्टा डोजर सन्चालन गरेको ११२५ लि (१५*७५) लि डिजेलको विजक पेश गर्नुपर्नेमा जम्मा १००० लि मात्र इन्धनको विजक भुक्तानीको लागि पेश गर्दा पनि कार्यालयले ११२५ लि इन्धनकै भुक्तानी गरेकोले बढी भुक्तानी भएको इन्धनको रकम रू १९०२३ (१२५*१५२.१९) असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,०२३ |

४३.४ **तह वृद्वि -** बागमति प्रदेशको स्थानीय सेवा गठन तथा सन्चालन ऐन २०७९ को दफा ३० मा तह वृद्वी हुने तह भन्दा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष सेवा अवधि पुरा गरेका, पछिल्लो ५ वर्षको कार्य सम्पादन मुल्यांकनमा ९५ प्रतिशत अङ्क प्राप्त गरेका , न्युनताम शैक्षिक योग्यता पुरा गरेका स्थानीय सेवाका स्थायी कर्मचारीहरूलाई चौथो तह बाट ५औँ तह , ५ औँ तह बाट ६ औँ तह , ७ औ तह बाट ८ औ तहमा तह वृद्वी हुने व्यवस्था छ । कार्यालयमा करार सेवामा कार्यरत रहनु भएका इन्जिनियर कपिल श्रेष्ठलाइ कार्यपालिका बाट निर्णय गराउदै ६औ तह बाट ७औ तहमा तह वृद्धि गरी २०८० चैत्र महिना देखी २०८१ असार सम्म मासिक रूपमा रू ४५८५१ भुक्तानी गरेको छ ।बागमति प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐनले व्यवस्था नगरेको तहमा तह वृद्धि गरी भुक्तानी गरिएको रकम निज बाट असुल हुनुपर्ने रु (४५८५१-४३६८९)*4 = ८६४८

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,६४८ |

४३.५ **हेभि इक्विपमेन्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सन्चालित हुने निर्माण कार्यमा सामान्यता डोजर , एक्साभेटर , लोर , ग्रेडर जस्ता हेभी मेसिनरी सामनको प्रयोग गर्न निमल्ने व्यवस्था गरिएको छ । सो नियमावलीको प्रतिवन्धात्मक वाक्यांश लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिका कार्य भनि उल्लेख भएको रहेछ भने मात्र सम्बन्धित प्राविधकको सिफारिसमा सार्वजनिक नियकायको सहमति लिइ त्यस्तो मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ ।

कार्यालयको विना कार्यालयको सहमतिमा उपभोक्ता समितिले डोजर सन्चालन गरेका केहि उदाहरणहरू

| भैचर नं | उपभोक्ता समितिको नाम | कामको विवरण | डोजर लगाइएको निर्माण व्यवसायी | प्रयोग गरेको उपकरणको नाम | हेभि उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३५/०८१/०३/४ प्रदेश सशर्त पुजीगत | साङ्गमे सडक उपभोक्ता समिति | सडक निर्माण | तृप्ता कन्त्रसट्रक्सन | जे.सि.भि | १४६३,७८३ |
| २२/०८१/०१/२५ प्रदेश सशर्त पूजीगत | गाउँपालिका केन्द्र ताम्चे सडक उपभोक्ता समिति | सडक निर्माण | हस्याङ्गो कन्सट्रक्सन | जे.सि.भि | ५३०,८९७ |
| ८३/०८०/१०/१५ पालिका पूजीगत | वाइभरा खेल मैदान निर्माण एवंम स्तरउन्नती उ स | खेल मैदान निर्माण | हस्याङगो कन्सट्रक्सन | जे सि भि | ११६,६१६ |
| ९८/०८०/१०/२४ पालिका पूजीगत | बुद्देधय मा वि खेलमैदान निर्माण | खेल मैदान निर्माण | हस्याङ्गो कन्सट्रक्सन | जे.सि.भि | ३४२,४५७ |
| ९७/०८०/१०/२४ | च्यानडाडा सडक निर्माण | सडक निर्माण | श्रेष्ठ सप्लायर्श | जे.सि.भि | ४५२० |
| १६८/०८०/१२/२८ | भन्ज्याङ ग्यामर्याङ सडक स्तरउन्नति | सडक निर्माण | हिस्यांगो कन्सठ्रक्सन | जे.सि.भि | १४७,६९१ |

४३.६ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४३.७ **कृषिको टनेलमा टुक्रे खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सङ्कुचित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था गरिएको छ । कार्यालयले वर्ष भरि चाहिने आवश्यक सामाग्री पहिचान गरी प्रतिस्पर्धात्मक माध्यमबाट खरिद गर्नुपर्नेमा कार्यालयले किवि खेति विस्तार कार्यक्रममा किसानहरूलाई चाहिने आवश्यक परिणाम पहिचान गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा पटक पटक गरेर किवि टनेल खरिद गर्नुपर्नेमा पटक पटक देहायका भाौचरमा डाँफे विल्डर्स एण्ड सप्लायर्शबाट टुक्रे खरिद गरी भुक्तानी गरेको रकम नियम सम्मत मान्न नसकिएको रू

| सि.नं | भौचर नं | ट्रक् खरिद गरेको रकम |
|---|---|---|
| १ | ७४/०८१/०३/२३ प्रदेश चालु | ८४०० |
| २ | ७३/०८१/०३/२३(प्रदेश चालु) | १४००० |
| ३ | ७२/081/03/23 (प्रदेश चालु) | ३०१००० |
| ४ | ७१/081/03/23 (प्रदेश चालु) | ३५००० |
| ५ | ७०/081/03/21 (प्रदेश चालु) | १४००० |
| ६ | ८१/081/03/21 (प्रदेश चालु) | १४००० |
| ७ | 83/081/03/23 (प्रदेश चालु) | २८००० |
| ८ | 82/081/03/23 (प्रदेश चालु) | ७०००० |
| ९ | ८०/081/03/23 (प्रदेश चालु) | १५४००० |
| १० | ७९/081/03/23 (प्रदेश चालु) | ४२००० |
| ११ | ७८/081/03/23( प्रदेश चालु) | ४९००० |
| १२ | 77/081/03/23 (प्रदेश चालु) | ११२००० |
| १३ | ७६/081/03/23 (प्रदेश चालु) | २१००० |
| १४ | ०८१/03/23 प्रदेश चालु) | ७०००० |

| | |
|---|---|
| अनियमित भएको | ९,३२,४०० |

४३.८ **बढी रकम भुक्तानी** - संघिय सशर्त पूजीगत तर्फ ७/०८०/१०/२१, आर्थिक कार्यविधि तथा वृत्तिय उत्तरदायी नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने विल भर्पाइ, प्रमाण र कागजात संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।मिति २०८०।९।२० गते बसेको मुल्यांकन समितिका संयोजक दिल कृष्ण श्रेष्ठको अध्यक्षतामा बसेको मुल्यांकन समितिले गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूले hybrid solar व्याकअप मर्मत तथा नयाँ जडानको लागि कार्यालयमा सुचिकृत भएका स्मार्ट लिभिङ टेक्नो प्रा.लि ,एस पि ट्रेड एण्ड सप्लायर्स प्रा.लि , अभय मल्टिपल सोलुसन प्रा.ली संग कोटेसन माग गरी प्राप्त प्रस्तावको मुल्यांकन गर्दा प्रस्तावदाता अभय मल्टिपल सोलुसन प्रा.लि ले पेश गरेको प्रस्ताव रू ७,८६,२६०।भ्याट सहित न्युनतम सारभुत रूपमा प्रभावकारी रहेको निर्णय गर्दै स्वीकृत गरिएको छ । स्वीकृत भएको प्रस्ताव बमोजिम मिति २०८०/०९/२२ गते प्रस्तावदाता अभय मल्टिपल सोलुसन प्रा.ली काठमाडौँ संग सम्झौता समेत गरिएको देखिन्छ । तर प्रस्तावदाताले कार्य सम्पन्न भएप्रश्चात भुक्तानीको क्रममा रू ७,९४,७३५ (भ्याट सहित) विजक पेश गरेपनि कार्यालयले स्वीकृत प्रस्तावदाताले पेश गरेको विजककै आधारमा भुक्तानी गरेको देखिन आएकोले बढी भुक्तानी हुन गएको रकम रू ८४०५ उक्त प्रस्तावदाता बाट असुल उपर हुनु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४०५ |

४३.९ **सिमेन्टको अनुपात नमिलेको** - आर्थिक कार्यविधि तथा वृत्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकमलाई पुष्टि गर्ने विल भर्पाइ एवंम अन्य कागजात संलग्न गरी राख्नुपर्ने व्यववस्था छ । प्राविधकले उठाएको विल अनुसार देहायको कामहरूमा देहायका संख्यमा विल आवश्यक पर्नेमा उपभोक्ता समितिले पेश गर्न नसकेको प्रति बोरा जिल्ला दर रेटले निर्धारण गरेको रू ८१३ भ्याट सहितको दरले असुल उपर हुनुपर्दछ ।

| प्राविधकले उठाएको कामको विवरण | नर्मश अनुसार राख्नुपर्ने सिमेन्ट बोरामा- | उ.स.ले ल्याएको बोरा | प्रति बोरा फरक | प्रति बोरा रकम भ्याट सहित | रकम | भौचर नं |
|---|---|---|---|---|---|---|
| आर.सि.सि ग्रेड एम 20 को 25.65 घन मि काम | 180 बोरा | १५० | ३० | ८१३ | २४३९० | **भेडाखोर खत्री गाउँ सडक उ स/ पुजीगत तर्फ 14** |
| पि सि सि1:2:4 को 0.44 | **२.८१६** | | | | | |
| स्टोन मेसिनरी वर्क 1:4को 7.28 घन मि | **23.15** | | | | | **लुसिङ तथा जगजोग खा पा मर्मत उ स** |
| प्लास्टर वर्कस1:4 को 16.48 घन मि | **1.773** | | | | | **पूजीगत तर्फको 61/080/09/19** |
| जम्मा | | | | | २४३९० | |

| असुल गर्नुपर्ने | २४,३९० |
|---|---|

४३.१० **बढी रकम भुक्तानी** - पूजीगत तर्फ १५६-२०८०।१२।१४, सार्वजनिक खरिद नियमावली ०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागु हुने गरी निर्माण सामाग्री र ढुवानीको दर रेट मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न तोकिए बमोजिम दर रेट निर्धारण गर्न सक्ने व्यवस्था छ । ङ्याङछुप छयोर्तेन गुम्बा निर्माण योजनाको प्राविधिकले उठाएको विल अनुसार देहायका डण्डीमा दर विष्लेषण दर रेटको विजक समावेश गरी भुक्तानी माग गर्नुपर्नेमा उपभोक्ता समितिले सो बमोजिमको विजक पेश नगर्दा पनि पालिकबाट भुक्तानि भएको रकम असुल उपर हुनुपर्ने रु

| सि.नं | डण्डीको प्रकार | दर विष्लेषणमा दिइएको दर (भ्याट सहित ढुवानी बाहेक | उपभोक्ता समितिले पेश गरेको दर भ्याट सहित | फरकपना | परिणाम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ८ एम एम | ११७.५२ | ९७ | २०.५२ | १६५ | ३३८५.८ | |
| २ | १६ एम एम | ११५.२६ | ९५ | २०.२६ | १६० | ३२४१.६ | |
| ३ | १२ एम एम | ११५.२६ | ९५ | २०.२६ | २५३ | ५१२५.७८ | |
| ४ | १० एम एम | ११५.२६ | ९५ | २०.२६ | ९५ | १९२४.७ | |
| जम्मा | | | | | | १३६७७.८८ | |

| असुल गर्नुपर्ने | १३,६७७.८८ |
|---|---|

४३.११ **आयुर्वेदको कार्यालय सहयोगी** - जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सिन्धुपाल्चोक र लिसंखु पाखर गाउँपालिका वडा नं ४ बस्ने श्री वाङ्छु तामाङ विच मिति २०७९।९।२९ मा भएको करार सम्झौताको बुदाँ नं ३ मा प्रथम पक्षले दोस्रो पक्षलाई सेवा करारमा काम गरे बापत मासिक रुपमा रू १५८५५।- अक्षेरुपी पन्ध हजार आठ सय पचपन्न रूपैयाँ भुक्तानी दिने भनि उल्लेख भएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको प.सं २०८०।८१ , च.नं १० मिति २०८०।४।१५ को पत्रानुसार संघिय सरकारको बजेटमा कटौती भए बमोजिम कर्मचारी व्यवस्थापन गर्न असहज भएकोले कार्यालय सहयोगी पदको व्यवस्थापनको लागि आवश्यक सहयोग गरिदिने सम्बन्धी पत्र बमोजिम कार्यालयले नागरिक आरोग्य सेवा केन्द्रको कार्यालय सहयोगी पदको म्याद थप गरी करार नविकरण गरेको देखिन्छ । करार

नविकरण गर्दा दिइने समझौता पत्रको बुदा नं ४ मा जिल्लाले तय गरेको मासिक पारिश्रमिक नै राखी करार सम्झौता गर्नुपर्नेमा रू २४७०२ मासिक रूपमा प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिइने भनि उल्लेख गरिएको र सोहि अनुसार मासिक रूपमा रकम समेत भुक्तानी भएको देखिन्छ । यसरी जिल्लाले तोकेको दर भन्दा रू ८८४७ बढी तलब भुक्तानी गर्दा कार्यालयलाई आ.व ०८०/०८१ मा थप आर्थिक व्ययभार परेको रू

| | |
|---|---|
| अनियमित भएको | १,१५,०११ |

४४ **मोबाईल एप्लिकेशन**

२५२-२०८१।३।२१ - पालिकाले बजेटमा गाउँपालिकाको मोबाईल एम् निर्माण शिर्षकमा रु.१०,०००,००।— बजेट विनियोजन गरी कृषि र पशुलाई सेवा पुग्ने उद्देश्यले किसान केयर प्रा.लि. (६०९९४१५२८) सँग सम्झौता गरी एप्स निर्माण गरे वापत रु. ९९१७१०.६ भुक्तानी गरेको छ ।

४४.१ **पूर्व निर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौता अनुसार ठेकदारले कार्य नगरेमा १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशत ठेकदारलाई पूर्व निर्धारित क्षतिपूर्ति लगाउनु पर्ने व्यवस्था छ। देहायका ठेकेदारले सम्झौता अनुसार गाउँपालिकाको मोबाईल एप्स निर्माण (कृषि, पशु र पर्यटन) ढिला गरेकोले क्षतिपूर्ति वापत रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| भौ.नं./ मिति | सामान आपूर्तकको नाम | सम्झौता रकम | सामान प्राप्त हुनुपर्ने मिति | प्राप्त मिति | ढिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|
| २५२-२०८१।३।२१ | किसान केयर प्रा.लि. | ९९१७१०.६० | २०८०।१०।२१ | २०८१।३।३० | १५९ | ७८८४०.९४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,८४०.९४ |

४४.२ नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.९९१७१०.६ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

४४.३ पालिका र किसान केयर प्रा.लि. बिच भएको सम्झौता पत्रको बुँदा नं. १२ मा सफ्टवेयर र डाटा सेक्युरिटिको जिम्मेवारी साथै Security Audit गराउने कार्य दोस्रो पक्षको हुनेछ, बुँदा नं. १६ मा मोबाइल एप्सको Requirement Analysis गरिसकेपछि निर्माण सकेपछि सूचना प्रविधि विभागको स्वीकृत लिनुपर्ने उल्लेख छ। पालिकाले सम्झौता पत्रमा उल्लेख भए बमोजिमको सेक्युरीटि लेखापरीक्षण र सूचना प्रविधिको स्वीकृति लिएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९१,७१०.६ |

४४.४ मोबाईल एप्लिकेशन निर्माण गर्नु अगावै TOR निर्माण गर्दा सो TOR मा एप्लिकेशन निर्माण गर्दा टेक्निकल स्पेशिफिकेशनमा हुनुपर्ने जस्तै, Programming Languages: Java, Kotlin etc., Frameworks and Libraries: Android SDK, Jetpack components, etc., Databases: SQLite, Room, Firebase, etc., APIs: RESTful APIs, GraphQL, etc.,Development Tools: IDE (e.g., Android Studio), version control (e.g., Git). आदी यस्ता अनिवार्य आवश्यक टुल्स उल्लेख नगरी स्पेशिफिकेशन बनाएको छ। यस्ता किसिमका स्पेसिफिकेशनका आधारमा मोबाईल एप्लिकेशन निर्माण लागतमा असर पर्ने भएकाले अनिवार्य रुपमा उल्लेख गर्नुपर्दछ। साथै पालिकाले मोबाईल एप्स निर्माण योजनाको बजेट विनयोजन गर्दा दक्ष जनशक्तिको परामर्श लिएर मात्र बजेट विनियोजन गर्नुपर्दछ।

४४.५ साथै सूचना प्रविधि विभागले स्थानीय तहको एप (Local Level App) नामक मोबाईल एप्लिकेशन निर्माण गरिसकेको छ र सो एप्लिकेशनमा पालिकाले आफ्नो User Login गरी र पालिकाको वेभ साईटमा सम्पूर्ण जानकारी अपडेट गरी सो मोबाईल एप्लिकेशनबाट सम्पूर्ण जानकारी लिन सकिने भए तापनि पालिकाले छुटै एप्स निर्माण गरेको छ। सो एप्समा पालिकाको उद्देश्य अनुरुप कृषि र पशु सम्बन्धि लेखापरीक्षण अवधि सम्म केही पनि जानकारी अपडेट गरेको पाइएन साथै APP Store को डाउनलोट संख्या जम्मा ५ रहेको देखियो । पालिकाले यस्त किसिमका एप्लिकेशन के कति आवश्यक छ त्यसको विश्लेषण गरी मात्र निर्माण गर्नुपर्दछ।

## ४५ सामाजिक सुरक्षा

**वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ८ वडाका लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु.२५९५८१५२।-, दोस्रो त्रैमासिकमा रु.२६४८९८३५।- तेस्रो त्रैमासिकमा रु.२६७३२९९८।- र चौथो त्रैमासिकमा रु.२७७६८१२०।- समेत रु.१०६९४९१०५।- वितरण गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

४५.१ **लगत कट्टा-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ ।साथै दफा १५ (२) मा भत्ता खाइपाई आएको कनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ । पालिकाले देहायका लाभग्राहीको खातामा लगत कट्टा भईसक्ता पनि रु. ६९८१८।- बढी रकम लाभग्राहीको खातामा पठाएको हुदा सो रकम सम्बन्धितबाट असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | वडानं. | परिचयनं. | नाम | लगतकट्टाको कारण | लगतकट्टा लागु मिति | लगतकट्टा गरेको मिति | पाउनुपर्नेरकम | भुक्तानीदिएको रकम | बढीभुक्तानी रकम | फिर्तारकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 1 | 2008123029671 | सुर्यबहादुरविक | पेन्सन | 2080-09-29 | 2081-01-27 | ० | 24000 | 24000 | 0 |
| 2 | 4 | 2004111700723 | ठाकुर ध्वजखत्री | मृत्यु | 2081-01-26 | 2081-04-16 | 39355 | 48000 | 8645 | 0 |
| 3 | 5 | 2012123020334 | चमसुर मायाश्रेष्ठ | अन्य | 2080-06-30 | 2080-10-04 | 7980 | 15960 | 7980 | 0 |
| 4 | 3 | 2010011705776 | धन बहादुरतामाङ | मृत्यु | 2080-08-02 | 2080-08-18 | 16266 | 24000 | 7734 | 0 |
| 5 | 2 | 2012051506106 | कान्छीमाया लामा | मृत्यु | 2081-02-06 | 2081-03-06 | 40750 | 48000 | 7250 | 0 |
| 6 | 4 | 2002111701318 | पासाङदोर्जे तामाङ | मृत्यु | 2080-11-18 | 2080-12-13 | 30400 | 36000 | 5600 | 0 |
| 7 | 2 | 2006123037199 | समेलीनेपाली | मृत्यु | 2080-08-17 | 2081-03-06 | 18266 | 36000 | 17734 | 13733 |
| 8 | 4 | 1992123039312 | धन नोर्बुतामाङ | मृत्यु | 2081-03-10 | 2081-03-30 | 45250 | 48000 | 2750 | 0 |
| 9 | 2 | 1994123064316 | कर्म वाङछुलामा | मृत्यु | 2080-12-18 | 2081-03-06 | 34400 | 36000 | 1600 | 0 |
| 10 | 4 | 1999123087274 | कान्छीडोल्मो लामा | मृत्यु | 2081-03-29 | 2081-04-04 | 47742 | 48000 | 258 | 0 |
| Total | | | | | | | | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६९,८१८ |

४५.२ **नविकरण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षमा कार्तिक मसान्तभित्र लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले एउटै नागरिकता नम्बर दोहोरिएको पहिलो किस्ताको २८ जनालाई ४ वटै किस्तामा रु. ११८६५१२ ।- भत्ता वितरण गरेको छ ।एउटै नागरिकता नम्बर भएका व्यक्ती फरक-फरक हो ।होइनन भनी एकिन गर्न सकिएन । तसर्थ एकै व्यक्तिलाई दोहोरो भुक्तानी भए नभएको सम्बन्धमा एकिन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४५.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४५.३ **अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

४५.४ **पारदर्शिता -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय

सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा नगर कार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक , लिसंखुपाखर गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिल कृष्ण श्रेष्ठ | २०८०-५-८ | २०८०-१२-४ |
| कार्यालय प्रमुख | Mangal Bahadur Bista | २०७८-१२-१० | २०८०-४-२४ |
| कार्यालय प्रमुख | Binod karki | २०८०-१२-१९ | |
| लेखा प्रमुख | sampada Neupanae | २०८१-६-१३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,४०९,६४९.६३ | ११,४०२,६०८.८१ | ४३,५१२,२५३.१८ | ० | ० | ४,३५२,०४० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६१,६७६,५५१.६२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ११२,१७० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६१,५६४,३८१.६२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १०७७४९३९२.८७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१०५८०००० | चालु खर्च | २७७९५६२५३.७८ |
| प्रदेश सरकारबाट अनुदान | ५३६५३००० | पूँजीगत खर्च | १६७१०६५४५.९ |
| राजश्व बाँडफाँट | ७६५३९८७२.२४ | वित्तीय/अन्य व्यवस्था | १७३४६४४१४.८१ |
| आन्तरिक आय | ८१२४८३८.६८ | | |
| अन्य आय | १२७९५१९७०.८६ | | |
| कुल आय | ५७६८४९६८१.७८ | कुल खर्च | ६१८५२७२१४.४९ |
| बाँकी मौज्दात | | ६६०७१८६०.१६ | |

## बेरूजु दफा ४२.६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| SchoolName | Grade | | | | | | | | | | | | हुनुपर्ने | जम्मा भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | | | |
| Sansarimai Secondary School | 6 | 10 | 8 | 6 | 10 | 8 | 12 | 16 | 18 | 14 | 0 | 0 | 79106 | 99339 | 20233 |
| Shree Buddhodaya Secondary School | 6 | 9 | 6 | 11 | 10 | 7 | 7 | 9 | 12 | 16 | 0 | | 66905.7 | 86438.8 | 19533.1 |
| Shree Sampada Secondary School | 22 | 12 | 9 | 11 | 11 | 15 | 13 | 10 | 22 | 22 | 0 | 0 | 103657.6 | 122392.4 | 18734.8 |
| Shree Kakaling Harisiddhi Secondary School | 11 | 8 | 9 | 3 | 5 | 15 | 16 | 10 | 10 | 13 | 17 | 48 | 91527.8 | 107611.5 | 16083.7 |
| Shree Nigale Secondary School | 4 | 6 | 9 | 15 | 6 | 10 | 12 | 13 | 14 | 16 | 8 | 11 | 82435 | 90659.8 | 8224.8 |
| Shree Dharmodaya Secondary School | 6 | 6 | 6 | 6 | 5 | 6 | 6 | 7 | 6 | 7 | | | 42856.9 | 51070.2 | 8213.3 |
| Shree Janakalyan Secondary School | 3 | 4 | 5 | 9 | 9 | 10 | 4 | 8 | 6 | 16 | 0 | 0 | 54479.8 | 59335.3 | 4855.5 |
| janasikxa Aa V | | | | | | | | | | | | | | 2397.6 | 2397.6 |
| Janata Pra V | 0 | 0 | 2 | 0 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3722.4 | 6107.7 | 2385.3 |
| Shree Mahadevsthan Basic School | 4 | 2 | 1 | 3 | 5 | 5 | 1 | 4 | 0 | 0 | 0 | 0 | 16654.2 | 17658.2 | 1004 |
| Shree Rama Secondary School | 6 | 4 | 6 | 3 | 6 | 8 | 5 | 3 | 5 | 5 | 0 | 0 | 35083.9 | 36049.8 | 965.9 |
| | | | | | | | | | | | | | | | १०२६३१ |

## बेरूजु दफा ४५.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| S.N. | Personal Id | Member Name | Gender | Birth Date BS | Citizenship Number | Amount |
|---|---|---|---|---|---|---|
| 1 | 2010111303613 | Hira Maya Tamang | FEMALE | 13-11-2010 | 0139 | 12000 |
| 2 | 1991123038894 | Dhan Maya Khadka | FEMALE | 30-12-1991 | 139 | 12000 |
| 3 | 1994123065222 | Bam Bahadur Tamang | MALE | 30-12-1994 | 188 | 12000 |
| 4 | 2014123017146 | Thulimaya Tamang | FEMALE | 30-12-2014 | 188 | 7980 |
| 5 | 2006123036829 | Paanmati Bishwokarma | FEMALE | 30-12-2006 | 19464 | 12000 |
| 6 | 2006123036811 | Patali Bishwokarma | FEMALE | 04-05-2010 | 19464 | 12000 |
| 7 | 2009071506595 | Dhan Bahadur Tamang | FEMALE | 15-07-2009 | 2013 | 12000 |
| 8 | 1997123064731 | Jayebahadur Gurung | MALE | 30-12-1997 | 2013 | 12000 |
| 9 | 1987123022144 | Arjunmaiya Tamang | FEMALE | 30-12-1987 | 218 | 12000 |
| 10 | 2001123080554 | Kanchhi Dolma Lama | FEMALE | 30-12-2001 | 218 | 12000 |
| 11 | 1989123031802 | Punya Maya Khatri | FEMALE | 30-12-1989 | 2430 | 12000 |
| 12 | 2051100300277 | Amrita Shrestha | FEMALE | 3-10-2051 | 2430 | 6384 |
| 13 | 2039123001553 | Babita Lama | FEMALE | 30-12-2039 | 243022 | 7980 |
| 14 | 2028123005984 | Lalmaya Tamang | FEMALE | 30-12-2028 | 243022 | 7980 |
| 15 | 1987123022201 | Nimadolmo Tamang | FEMALE | 30-12-1987 | 243023 | 12000 |
| 16 | 2003123031595 | Yekman Nepali | FEMALE | 30-12-2003 | 243023 | 12000 |
| 17 | 1999123085674 | Dhan Bahadur Shakya | MALE | 30-12-1999 | 2574 | 12000 |
| 18 | 1987123023753 | Norgin Dolmo Lama | FEMALE | 30-12-1987 | 2574 | 12000 |
| 19 | 2010123035743 | Kancchi Tamang | FEMALE | 30-12-2010 | 3827 | 12000 |
| 20 | 2014123102971 | Chameli Lama | FEMALE | 30-12-2014 | 3827 | 7980 |
| 21 | 2021123028072 | Ram Maya Tamang | FEMALE | 30-12-2021 | 4037 | 7980 |
| 22 | 2007121101821 | Lawang Dolmo Tamang | FEMALE | 11-12-2007 | 4037 | 12000 |
| 23 | 1998123075875 | Tamabar Dhoj Lama | MALE | 30-12-1998 | 4109 | 12000 |
| 24 | 2018011401478 | sano Kanchhi Lama | FEMALE | 14-1-2018 | 4109 | 7980 |
| 25 | 2036020200459 | Sunita Khakurel Lama | FEMALE | 2-2-2036 | 601 | 6384 |
| 26 | 2026021400265 | Daputi Sherpa | FEMALE | 14-2-2026 | 601 | 7980 |
| 27 | 1994123064662 | Jaya Kumari Pradhan | FEMALE | 30-12-1994 | 6383899 | 12000 |
| 28 | 1991123038779 | Nargin Lama | FEMALE | 30-12-1991 | 6383899 | 12000 |
| जम्मा | | | | | | 296628 |
| चार वटै किस्ताको | | | | | | 1186512 |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्ने तथा सो को विवरण सार्वजनिकरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको, बचत-क्रण कारोवारको अवस्था सुनिश्चित गर्नुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- कर्मचारीको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषमा रकम खर्च गर्दा नियमानुसार गर्नुपर्ने योगदान सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, सामयिक प्रतिवेदन नदिने र प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन समेत नभएकोले आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा पदपूर्ति गर्ने र सेवा करारबाट लिइने कर्मचारीको व्यवस्थापन गर्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक निर्माण कार्यको सामाजिक परीक्षण गर्नुपर्दछ।
- पालिकाले सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गरी स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।
- अनुगमन कार्यलाई कार्यक्रम कार्यान्वियनसँग सम्वन्धित शाखामा केन्द्रित गरेर औचित्य विश्लेषण गरेर मात्र अनुगमनको दायित्व भुक्तानी हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन संरचना समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।
- स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७५ को परिधिभित्र रहेर ईन्धन, अनुगमन भत्ता, भ्रमण खर्च लगायतका सुविधा भुक्तानी गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।